# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क ३६ | २०७३ फागुन ३० गते सोमबार | Monday, March 13, 2017 | पृष्ठ ८ | मूल्य रु. १०|-


## 'सप्तरी हत्याकाण्ड' : राज्यसत्ताको असफलता'

◆ वर्गदृष्टि संवाददाता


काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य' किरण'ले एक विज्ञप्ती जारी गर्दै 'सप्तरी हत्याकाण्ड' राज्यसत्ता र व्यवस्थाकै असफलताको एक ठोस उदाहारण भएको जनाएको छ । घटना संविधान संविधान संशोधन र स्थानीय निर्वाचनको घोषणासित सम्बन्धित रहेको उल्लेख गर्दै विज्ञप्तीमा भनिएको छ, ँयसबारे उत्पन्न समस्याको समाधान गर्न नसक्ने सरकार मुख्य दोषी देखिन्छ भने सभा गर्ने स्वतन्त्रता भए पनि प्रमुख प्रतिपक्षीको भूमिका निर्वाह गर्न नसक्ने एमालेसमेत जिम्मेबार रहेको छ । साथै, यस घटनामा सम्बन्धित सबै संयमित नभएको पनि पाइन्छ । अन्ततः यो वर्तमान राज्यसत्ता र व्यवस्थाकै असफलताको एक ठोस उदाहरण हो ।'

'यस स्थितिमा हाम्रो पार्टी अन्धाधुन्द गोली चलाई निर्दोष नागरिकहरूको क्रूर रूपमा हत्या गर्ने तानाशाही नेपाल सरकारको तीव्र निन्दा तथा भर्त्सना गर्दछ । हाम्रो पार्टी प्रहरीको गोलीद्वारा हत्या गरिएका रञ्जन

... बाँकी ६ पेजमा

# 'राष्ट्रिय स्वाधीनतामाथि गम्भीर खतरा'

## 'कंचनपुर हत्याकाण्ड' : 'भारतले माफी माग्नुपर्छ'




◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । २६ फागुन ०७३ मा कञ्चनपुर पुनर्बास नगरपालिका–८ का ३२ वर्षीय गोविन्दप्रसाद गौतमको भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले गोली हानी हत्या गरेको घटनालाई नेपालका देशभक्त, वामपन्थी तथा क्रान्तिकारी राजनीतिक शक्तिले नेपाली सार्वभौमसत्तामाथिको ठाडो हस्तक्षेपको भएको भन्दै राष्ट्रिय स्वाधीनतामाथि गम्भीर खतरा पैदा भएको बताएका छन् । भारतीय विस्तारवादी हस्तक्षेपले पछिल्लो समयमा सबै सीमा नाघेको भन्दै हस्तक्षेपका विरुद्ध प्रतिरोध आन्दोलन उठान गर्नुपर्नेमा जोड दिँदै आएका छन् । कंचनपुर हत्याकाण्डलाई लिएर सबै वामपन्थी देशभक्त र क्रान्तिकारी




प्रेस-वक्तव्य

२०७३ फगुन २८ गते क. किरणको अध्यक्षतामा ने.क.पा.(क्रान्तिकारी माओवादी) को केन्द्रीय सचिवालयको बैठक बस्यो । बैठकमा लिइएका कतिपय महत्वपूर्ण निर्णयहरुको सार्वजनिक जानकारीका लागि निम्नाअनुसार प्रेस वक्तव्य जारी गरिएको छः

१- बैठकको सुरुमा विभिन्न जनआन्दोलन, जनयुद्ध र विश्वक्रान्तिका सन्दर्भमा सहादत प्राप्त अमर सहिदहरुप्रति एक मिनेट मौन धारण गरी भावपूर्ण श्रद्धाञ्जली अर्पण गरियो ।

२- बैठकमा वर्तमान राजनीतिक परिस्थिति र निर्वाचनवारे गंभीर बहस तथा छलफल भयो । हाम्रो पार्टी एकातिर वर्तमान पश्चगामी राज्यसत्ता र व्यवस्था अन्तर्गत राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्याहरुको समाधान हुन नसक्ने भएकोले त्यसका लागि संघीय जनगणतन्त्रको स्थापना अपरिहार्य रहेको ठान्दछ भने अर्कोतिर संसदीय निर्वाचनको प्रश्नलाई राजनीतिक कार्यनीतिको विषयका रुपमा ग्रहण गरी वस्तुस्थितिको सही मूल्याङ्कनका आधारमा उपयोग, बहिष्कार वा अन्य विकल्पमा जानसकिने कुरामा पनि स्पष्ट नै छ । सरकारद्वारा आगामी वैसाख ३१ गते स्थानीय निर्वाचनको घोषणा गरिएकोमा वर्तमान राज्यसत्ता तथा व्यवस्था पक्षधर राजनीतिक शक्तिहरुका बिच अन्तर्विरोध चर्कंदै गएको, उनीहरु आफैले वनाएको संविधान अनुसार पनि पहिले प्रदेशको निर्वाचन गरी त्यसपश्चात स्थानीय निर्वाचन हुनुपर्नेमा सो नभएको र विशेष, संरक्षित तथा स्थानीय स्वायततक्षेत्रका सायै पहिचान सहितको संघीयताको मान्यतालाई उल्लङ्घन गरिएको, सप्तरीमा एमालेको सभा र मधेशी मोर्चाको विरोधको क्रममा सरकारद्वारा गोलीचलाई निर्दोष युवाहरुको जघन्य हत्यागरिएको घटनाले द्वन्द्व बढाउँदै लगेको, हालै कञ्चनपुरको सिमाक्षेत्रमा भारतीय सुरक्षावलद्वारा अनधिकृत रुपमा नेपाल भित्र घुसपैठ गरी नेपाली जनतासित मुठभेड हुदा सो सुरक्षा वलद्वारा गोलीहानी देशभक्त युवाको निर्मम हत्या गरिएको तथा देशको राष्ट्रिय स्वाधीनतामाथि गंभीर खतरा उत्पन्न भएको अहिलेको संगीन र जटिल स्थितिमा सो निर्वाचन हुन नसक्ने तथा जर्बजस्ती रुपमा गराइए पनि स्थिति झनै भयावह वन्ने देखिएको छ । तसर्थ, हाम्रो पार्टी यस प्रकारको स्थिति र सो मितिमा गरिने निर्वाचन औचित्य हीन रहेको ठहर गर्दछ ।

३-संघर्ष वारे

(१) हाम्रो पार्टी -(क) सप्तरीमा घटेको उक्त हत्याकाण्डका,साथै (ख) देशमा विभिन्न स्थानहरुमा भारतीय विस्तारवादी द्वारा सीमा आतिक्रमण गर्ने प्रक्रिया वढ्दै गई देशको राष्ट्रिय स्वाधीनताको प्रश्नमा गंभीर खतरा पैदा भएको तथा हालै कञ्चनपुरमा भारतीय सिमा सुरक्षा वलद्वारा नेपालमा प्रवेशगरी नेपाली युवाको हत्या गरिएको स्थितिमा मिचिएका नेपाली भूभाग फिर्ता गर्ने, नेपाल- भारत बिचको अन्तराष्ट्रिय सिम तथ्यसम्मत तथा वैज्ञनिक रुपमा नियम गर्ने यक्त घटनामा गल्ती भएको स्वीकार गरी भारत सरकारवाट माफी मागिनुपर्ने लगायतका विषयहरुलाई लिई यही चैत्र ५ गते सांस्कृतिक प्रतिरोध दिवससहित देशव्यापी रुपमा विरोधप्रदर्शन गर्ने निर्णय लिइएको छ ।

(२) राष्ट्रियत, जनतन्त्र तथा जनजीविका,प्रदेशको निर्वाचन गरी स्थानिय निर्वाचन गरिनु पर्ने र पहिचान सहितको संघीयता लगायताका विषयलाई लिई संञ्चालित संघर्षहरुको सर्मथन गर्ने निर्णय गरिएको छ ।

४- पार्टीद्वारा संगठन विस्तार तथा सुदृढीकरण र राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाको पक्षमा सञ्चालित भइरहेको तीन महिने अभियानलाई जारी राख्ने, सो अभियानमा संघर्षका उक्त विषयलाई समेत समेटने र त्यस अभियानलाई प्रभावकारी वनाउने निर्णय लिइएको छ ।

मतिः २०७३।११।२९

मोहन वैद्य(किरण)
अध्यक्ष

राजनीतिक शक्तिहरूले कतै विभाजित त कतै संगठित रूपमा विरोध प्रदर्शन गरे भने प्रायः सबै राजनीतिक पार्टीहरूले सार्वजनिक रूपमा वक्तव्य जारी गरे । उनीहरू सबैले हत्याकाण्डमा गलती भएको स्वीकार गरी सार्वजनिक रूपमा माफी माग्नुपर्ने कुरामा जोड दिएका छन् ।

शनिबार सम्पन्न सचिवालय बैठकका निर्णयहरू सार्वजनिक गर्न आइतबार जारी गरिएको नेकपा (क्रान्तिकारी माओवादी)को वक्तव्यमा भनिएको छ, "देशमा विभिन्न स्थानहरूमा भारतीय विस्तारवादद्वारा सीमा अतिक्रमण गर्ने प्रक्रिया बढ्दै गई देशको राष्ट्रिय स्वाधीनताको प्रश्नमा गम्भीर खतरा पैदा भएको छ ।" क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य'किरण'को हस्ताक्षरमा जारी वक्तव्यमा भनिएको छ, 'कंचनपुर घटनामा गल्ती भएको स्वीकार गरी भारत सरकारबाट

... बाँकी ७ पेजमा

## सप्तरीमा मारिएका पाँच जनाको अन्त्येष्टि

◆ वर्गदृष्टि संवाददाता

सप्तरी । सप्तरीमा एमालेको मेची–महाकाली अभियानका क्रममा प्रहरीको गोली लागेर मारिएका ५ जनाको अन्त्येष्टि गरिएको छ । प्रहरीको गोली लागेर मृत्यु भएका मलेठ गाविसका सज्जन मेहता, बिरेन्द्र महतो, पिताम्बर मण्डल, प्रसवनी गाविसका आनन्द साह र जमुनी मधेपुरा गाविसका इनरदेव यादवको मृत्यु भएको थियो ।

एमालेले फागुन २१ गतेदेखि झापाबाट सुरु गरेको मेची महाकाली अभियानका क्रममा सप्तरीमा आयोजित सभाका क्रममा प्रहरीको गोली लागेर उनीहरूको मृत्यु भएको थियो । एमालेले सभाको आयोजना गरिरहेका बेला सभा विथोल्नका लागि मधेसी मोर्चाले गरेको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा अन्य दर्जनौं घाइते समेत भएका थिए । उनीहरूको शनिबार शबयात्रासहित अन्त्येष्टि गरिएको हो ।

शबयात्रा राजविराज नगरपालिका, हनुमाननगर, भारदह, कञ्चनपुर, रूपनी हुँदै लहानसम्म पुगेको थियो । शबयात्रामा हजारौं सर्वसाधारणको सहभागिता थियो । शबयात्रामा सहभागी हुनका लागि मधेसी मोर्चाका शीर्ष नेताहरू समेत सप्तरी पुगेका थिए ।

## स्थानीय निकाय खारेज, अब देशभर ७४४ स्थानीय तह

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । सरकारले स्थानीय तह पुर्नसंरचना आयोगले निर्धारण गरेको गाउँपालिका र नगरपालिकाको संख्यालाई वृद्धि गर्दै कार्यान्वयनमा लैजाने निर्णय गरेको छ । सरकारको यो निर्णयसँगै स्थानीय निकायको संरचना औपचारिक रूपमा भंग भएको छ ।

सरकारले आयोगको सिफारिसपछि २५ वटा स्थानीय तहको संख्या बढाएका ७ सय ४४ पुऱ्याएको हो । यसअघि आयोगले भने ७ सय ४४ बाट नबढ्ने गरी भन्दै ७ सय १९ वटा स्थानीय तहको प्रस्ताव गरेको थियो ।

आयोगको प्रस्तावपछि पूर्व संघीय मामिला तथा स्थानीय विकास मन्त्री हितराज पाण्डे नेतृत्वको टोलीले त्यसमा २५ स्थानीय तहको संख्या थप गर्ने निर्णय गरेको थियो । अब देशभरका गतिविधि स्थानीय तहको संरचनामा सञ्चालित हुनेछन् ।

मधेसी मोर्चा र प्रदेश नम्बर २ का अन्य दलहरूका सांसदले आयोगको सिफारिस गरेको स्थानीय तह पुर्नसंरचना आयोगको प्रतिवेदनलाई अस्वीकार गरेपछि त्यसलाई सम्बोधन गर्न भन्दै स्थानीय तहको संख्या बढाइएको हो । प्रदेश नम्बर २ मा मात्रै २१ वटा स्थानीय तह सरकारले थप गरेको छ । पर्सा र बारामा २/२, सर्लाही, महोत्तरी र रौतहटमा १/१, धनुषामा ४, सिरहा र सप्तरीमा ५/५ वटा स्थानीय तह बढेका छन् । त्यसबाहेक हिमाली जिल्ला मनाङ र बझाङमा १/१ र काठमाडौंमा २ स्थानीय तह थप गरिएको छ ।

स्थानीय तहको निर्धारणपछि अब प्रदेश नम्बर २ मा कुल संख्याको १७ र मधेसका २० जिल्लामा स्थानीय तहको संख्या ३६ प्रतिशत पुगेको स्थानीय विकास मन्त्रालयले जनाएको छ । हाल तराईमा ३२ प्रतिशत स्थानीय निकाय छन् ।

मधेसी मोर्चाले जनसंख्याको अनुपातमा तराईमा स्थानीय तहको संख्या हुनुपर्ने माग गर्दै आएको छ । सरकारले गत असोजमा आयोगलाई पुनः संरचनाको मापदण्ड साविकको इलाकालाई मान्न भनेपछि आयोगले अधिकतम ७ सय ४४ वटा स्थानीय तह हुने प्रस्ताव गरेर काम सुरु गरेको थियो । तर जिल्लाबाट आएका प्रस्तावलाई अन्तिम रूप दिँदै ७ सय १९ स्थानीय तहसहितको प्रतिवेदन सरकारलाई बुझाएको थियो ।

सरकारले स्थानीय तहको निर्वाचनको मिति घोषणा गरेपनि त्यसको सीमांकन, नामांकन, संख्या लगायतका विषय टुंगो नलागेका कारण अन्यौलता छाइका कारण निर्वाचनको मिति घोषणा गरेकै दिन फागुन ९ मा संघीय मामिला तथा स्थानीय विकास मन्त्री हितराज पाण्डे नेतृत्वको कार्यदललाई थपिने संख्या यकिन गरेर पुनः संरचना विवाद टुंग्याउने गरी सिफारिस गर्न जिम्मा लगाएको थियो ।

कार्यादलमा स्थानीय विकास पाण्डे संयोजक, उद्योगमन्त्री नवीन्द्रराज जोशी र आपूर्ति मन्त्री दिपक बोहोरा

## प्रकाशचन्द्र लोहनीले छाडे राप्रपा

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । पार्टी एकता महाधिवेशन सम्पन्न भएको १ महिनापनि नपुग्दै राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ नेता डा.प्रकाशचन्द्र लोहनीले पार्टी परित्याग गरेका छन् ।

पार्टी अध्यक्ष कमल थापालाई तीन पृष्ठ लामो चिठी लेख्दै पार्टी त्याग गरेको जानकारी गराएका छन् । पार्टीको चुनाव चिन्ह हलो छाडेको, सरकारमा जानेबारे आफूखुसी निर्णय गरेको, राजदूतलगायतका राजनीतिक नियुक्ति सिफारिसमा एकलौटी गरेको भन्दै असन्तुष्टि जनाउँदै आएका थिए ।

लोहनी २०४७ सालमा पार्टी स्थापना भएयता निरन्तर विभिन्न तहमा रहेर काम गर्दै आएका थिए । राप्रपा विभाजित भएर सूर्यबहादुर थापाको अध्यक्षतामा राष्ट्रिय जनशक्ति पार्टी बनेका बेला सहअध्यक्ष बनेका उनी केही समयअघि

... बाँकी ७ पेजमा

## अनेमसंघ (क्रान्तिकारी)को केन्द्रीय अध्यक्षमा लक्ष्मी मुड्भरी निर्वाचित



काठमाडौं । आठ मार्चको अवसर पारेर राष्ट्रिय भेलामा जुटेको नेकपा (क्रान्तिकारी माओवादी) निकट अनेमसंघ (क्रान्तिकारी)ले संगठनको अध्यक्षमा महिला नेतृ लक्ष्मी मुड्भरीलाई चयन गरेको छ । दुई दिनसम्म पार्टी कार्यालय बुद्धनगरमा चलेको भेलाको बन्द सत्रले उपाध्यक्षमा अम्बिका रेग्मी, महासचिव अम्बिका मुड्भरी, सचिवमा विन्दा मगर र सारदा महत, सहसचिव रिता मगर, रूपा गेलाल र कोषाध्यक्ष तेजकुमारी थापालाई चयन गरेको छ ।

७५ सदस्सीय नयाँ कार्यसमितिका सदस्यहरूमा

... बाँकी ७ पेजमा

## नेपाली संस्थापनसँग चीन सशंकित

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । पछिल्लो सयम नेपाल सरकार भारतसँग नजिकिएको भन्दै सशंकित चीनले नेपालमा आफ्ना गतिविधिलाई बढाउँदै लगेको छ । चीनसँग नेपालले गरेका पारवहान लगायतका सम्झौताको कार्यान्वयनमा सरकारले उदासिनता देखाएको भन्दै चीन सशंकित ।

यसैबीच चीनले अगाडि सारेको 'वान रोड वान वेल्ट(ओबीओआर)' परियोजनामा नेपालले ठोस प्रस्ताव नगर्दा चीन थप सशंकित छ । उसले नेपाल सरकारको गतिविधिलाई सुस्मरूपले अध्ययन गरिरहेको छ । त्यसका लागि उसले महिनै पिच्छे आफ्ना प्रतिनिधि पठाउँदै आएको छ । चीनको ओबीओआर परियोजना सम्बन्धि उच्च स्तरीय टोलीले हालै नेपालको भ्रमण गऱ्यो ।

अहिले चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभागका महानिर्देशक युआन झिविङ नेतृत्वको उच्चस्तरीय टोली नेपाल भ्रमणमा छ । उसले नेपाल चीनबीचको सम्बन्ध र भएका सन्धी सम्झौताको कार्यान्वयनका विषयमा नेपाली उच्च नेतृत्वसँग भेट गरिरहेको छ । पछिल्लो समयमा लगातार चिनियाँ टोलीले नेपाल भ्रमण गर्दै यहाँका विभिन्न विषयमा चासो राख्दै आएको छ । गत ३ पुसमा चिनियाँ कम्युनिस्ट पार्टीका पोलिटब्युरो

... बाँकी ६ पेजमा

## स्थानीय तहको निर्वाचन घोषणाले पैदा गरेको जटिलता

तीनवटा पश्चगामी दलहरू (नेपाली कांग्रेस, एमाले र माके) को सिण्डिकेटको सहमतिमा प्रचण्ड नेतृत्वको कठ्पुतली सरकारले २०७४ साल बैसाख ३१ गते स्थानीय तहको निर्वाचन गरिने निर्णय सार्वजनिक गरिसके पछि यो निर्वाचनमा भाग लिने कि बहिष्कार गर्ने भन्ने विषय यतिखेर नेपालको राजनीतिमा निकै चर्चा र चासोको विषय बनेको छ । यी हरफ लेखिंदासम्म नेपालका विभिन्न राजनीतिक पार्टी र संगठनले यो निर्वाचनलाई बहिष्कार गर्ने निर्णय गरिसकेका छन् । यसै विषयलाई लिएर पार्टी, पार्टीका बीचमा र सरकार र जनताका बीचमा भिडन्तहरू समेत भैरहेका छन् । प्रचण्ड र यस सरकारका मन्त्रीहरूलाई निहत्था जनताको हत्या गरेको कलंक समेत लागिसकेको छ । भर्खरै मात्र भारतको सीमा सुरक्षा दलका मानिस नेपालभित्रै पसेर नेपाली युवामाथि गोली प्रहार गरेर हत्या गरेको प्रकरण पनि थपिएको छ । यस प्रकारको जटिल अवस्थाका बीचमा गर्ने भनिएको निर्वाचनले परिस्थितिलाई झन् जटिल बनाइदिएको छ । यस विषयमा क्रान्तिकारी शक्तिहरूले के गर्ने भन्ने विषय पनि अत्यन्त पेचिलो बनेको छ । यो जटिल विषयबाट धेरै भ्रमहरू पनि उत्पन्न भएका छन् । प्रस्तत लेख यिनै विषयको सेरोफेरोमा केन्द्रीत हनेछ ।

**हिटलरको संचारमन्त्री गोयबल्सले एउटा नीति बनाएको थियो, 'जति सकै झुठो कुरा भए पनि एक हजार पटक त्यसलाई दोहोऱ्याए पछि त्यो साँचो हन्छ ।' आज त्यो नीतिलाई माके, नेका र एमालेका नेताहरूले अक्षरसः लागू गरिरहेका छन् । प्रचण्डहरू एक हजार पटक मात्र होइन, हजारौं पटक यो भनिरहेका छन् कि यो संविधान प्रगतिशील छ, अग्रगामी छ, क्रान्तिले र आन्दोलनले हासिल गरेका उपलब्धि यसले संस्थागत गरेको छ, यसलाई लागू गरेपछि नेपाल स्वीट्जरल्याण्ड बन्ने छ ।**



● सीपी गजुरेल

**पश्चगामी संविधान**

हिटलरको संचारमन्त्री गोयबल्सले एउटा नीति बनाएको थियो, 'जति सकै झुठो कुरा भए पनि एक हजार पटक त्यसलाई दोहोऱ्याए पछि त्यो साँचो हन्छ ।' आज त्यो नीतिलाई माके, नेका र एमालेका नेताहरूले अक्षरसः लागू गरिरहेका छन् । प्रचण्डहरू एक हजार पटक मात्र होइन, हजारौं पटक यो भनिरहेका छन् कि यो संविधान प्रगतिशील छ, अग्रगामी छ, क्रान्तिले र आन्दोलनले हासिल गरेका उपलब्धि यसले संस्थागत गरेको छ, यसलाई लागू गरेपछि नेपाल स्वीट्जरल्याण्ड बन्ने छ । इत्यादि, इत्यादि । संगसँगै ती नेपाली गोयबल्सहरू यो कुरा पनि बकिरहेका छन् कि यो संविधान लागू हुन सकेन । यदि तिनीहरूले नै भनेजस्तो यो संविधान हुन्थ्यो भने आखिर किन लागू हुन सकेन ? किन जनताको ठूलो हिस्साले यसलाई अस्वीकार गऱ्यो त ? यो लगायत हजारौं घटनाक्रमले पुष्टि गरेका छन् कि यो संविधान पश्चगामी हो । यसलाई अस्वीकार गरिनु पर्दछ ।

**निर्वाचन कि गृहयद्ध ?**

कनै पनि

... बाँकी ७ पेजमा

## सम्पादकीय

# जारी राखौं प्रतिरोध आन्दोलन !

२६ फागुन ०७३ मा भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले नेपाली भूमि (कञ्चनपुरको आनन्दपुर बजार)मै प्रवेश गरेर गोली हानी नेपालका देशभक्त युवा गोविन्द गौतमको हत्या गर्‍यो, कैयौंलाई घाइते तुल्यायो । यसै हत्याकाण्डलाई लिएर 'नेपाली सार्वभौम सत्तामाथिको ठाडो हस्तक्षेप' भन्दै देशैभर स्वाभीमानी नेपाली नागरिकहरू स्वतस्फूर्त रूपमा सडकमा उत्रिएका छन् र प्रतिरोध आन्दोलन जारी राखेका छन् । जारी राख्न जरुरी छ ।


सीमानामा धेरै देशभक्त नेपालीहरू मारिएका छन्, उनीहरूका लासहरू रातारात गायब पारिएका छन्, चेलीबेटीहरू बलात्कृत भएका छन्, कुटपिटका त अनगिन्ती घटनाहरू छन् । दशगजाका नेपालीहरू सँधै भारतीय सीमा सुरक्षा बलको रूपमा रहेको एसएसबीको आतंकबाट आक्रान्त जीवन बाँचिरहेका छन् । अधिकांश घटना एसएसबीको डर, धम्की र त्रासका कारण सार्वजनिक भएका छैनन् । गोविन्द गौतमको हत्या एउटा प्रतिनिधिमूलक घटना मात्र हो । संगठित रूपमा भारतीय विस्तारवादी हस्तक्षेप र ज्यादतीको प्रतिरोध गर्दा सतहमा आएको घटना हो । 'मरता तो क्या नइ करता' भन्ने स्थितिको अभिव्यक्ति हो दशगजाका नेपालीहरूको पछिल्लो प्रतिरोध । सीमानामा दबाइएका यस्ता हजारौं घटनाहरूको खोज अनुसन्धान गर्न जरुरी छ र भारतीय हस्तक्षेप र ज्यादतीका कैयौं पक्षको अध्ययन गर्न जरुरी छ । देशभक्ति र राष्ट्रिय स्वाधीनताको कुरा गर्ने राजनीतिक पार्टीका नेता कार्यकर्ताहरूले दशगजाबाट सिक्न जरुरी छ र उनीहरूको व्यावहारिक नेतृत्व प्रदान गर्न सक्नुपर्दछ । भारतीय हस्तक्षेप र ज्यादतीका प्रत्यक्ष भुक्तभोगी दशगजाका नेपालीहरू हुन् । उनीहरू नै नेपालको राष्ट्रिय स्वाधीनताका पहरेदार हुन्, योद्धा हुन्, जो बर्षौंदेखि विभिन्न रूपमा हस्तक्षेपका विरुद्ध लड्दै र बलिदान गर्दै आएका छन् ।

'आनन्दपुर हत्याकाण्ड'को विषयलाई लिएर जनता सडकमा उत्रिएपछि वाध्यभएर भारतीय विस्तारवादसामु लम्पसार पर्ने राजनीतिक पार्टीहरू पनि विज्ञप्ती निकाल्न बाध्य भए र सडकको प्रदर्शनमा सहभागी बन्नैपर्ने स्थिति बन्यो । जनताको बढ्दो प्रतिरोध आन्दोलनकै कारण भारतीय सत्तासिन वर्गको नीति निर्देशनमा चल्दै आएको सरकारको रूपमा चिनिएको प्रचण्ड नेतृत्वको सरकारले गोविन्द गौतमलाई 'सहिद' घोषणा गर्न वाध्य भयो र घटनाले राष्ट्रिय रूप लिन पुग्यो । नेकपा (क्रान्तिकारी माओवादी), नेपाल कम्युनिष्ट पार्टीलगायत वामपन्थी पार्टीहरूले अलग-अलग रूपमा विज्ञप्ती निकाल्ने र विरोध प्रदर्शन गरे भने समग्रमा राष्ट्रभक्तिपूर्ण भावसहित सडकमा निस्किएका जनताको नेतृत्व प्रदान गर्ने राजनीतिक शक्ति नहुँदा प्रतिरोध आन्दोलन प्रभावकारी र प्रभावशाली बन्न सकिरहेको छैन । अलग अलग रूपमा विरोध गरिरहेका वामपन्थी तथा राष्ट्रवादी पार्टीहरूले संयुक्त मोर्चा बनाएर राष्ट्रिय स्वाधीनताको प्रतिरोध आन्दोलनलाई अझ सशक्त बनाउन जरुरी छ र कम्तिमा भारतीय विस्तारवादी शासकले सार्वजनिक रूपमा माफी नमागुन्जेलसम्म र आइन्दा यस्ता घटना नदोहोर्‍याउने प्रतिबद्धतासहित दोषीलाई कारवाही नगरेसम्म प्रतिरोध आन्दोलन जारी राख्नु पर्दछ ।

सूचना प्रविधिको विकाससँगै पछिल्लो समयमा सीमामा हुने भारतीय ज्यादतीका घटनाहरू सार्वजनिक हुने क्रम बढिरहेका छन् । करिब ६ महिना अगाडि सप्तरीको तिलाठीका जनताले पनि भारतीय ज्यादतीको प्रतिरोध गरेका थिए भने त्यस घटनामा दर्जनौं नेपाली योद्धाहरू घाइते भएका थिए । यी घटनाहरूबाट यहाँका शासकहरूले पाठ सिकेर सीमामा हुने भारतीय ज्यादती रोक्न पहल गर्नुपर्ने हो तर भारतीय शासकहरूकै दलालीमा सत्तामा पुग्ने र टिक्ने गरेरका लम्पसारवादी सोचका नेपाली शासकहरूले त्यस दिशातर्फ कुनै कदम चाल्न सकेका छैनन् । शासकहरूले निरीहता प्रदर्शन गरिरहेका छन् । विगत दशवर्षे जनयुद्धमा भारतीय विस्तारवादी हस्तक्षेपका विरुद्ध 'सुरुङ युद्ध'को उद्घोष गर्ने प्रचण्डकै नेतृत्वमा सरकार रहेको बेला सिमानामा नेपालीहरू दिनदिनै मारिइरहेका छन् तर प्रचण्ड भारतीय शासकहरूलाई घटनाबारे प्रष्ट रूपमा भन्नसमेत डराइरहेका छन्, माफी मगाउने कुरा त जनताको प्रतिरोध आन्दोलनमा मात्र सम्भव छ ।

यो दलाल राज्य व्यवस्था रहुन्जेल दशगजाका हजारौं गोविन्द गौतमहरूले एसएसबीको गोलीको शिकार बनिनुपर्ने नियतीको अन्त्य हुने छैन । राष्ट्रिय प्रतिरोधको आन्दोलनको बलमा यो व्यवस्थालाई पल्टाएर जनताको संघीय गणतन्त्रमा आधारित व्यवस्था स्थापित नगरेसम्म नेपाली सार्वभौमिकताको रक्षा हुन सक्दैन । आम स्वाभिमानी नेपालीहरूले नेपालको यो यथार्थको गहिरोबोध गरी अहिलेको प्रतिरोध आन्दोलनलाई जारी राख्न जरुरी छ । राष्ट्रभक्तिपूर्ण आन्दोलनले कम्तिमा भारतीय शासकलाई नेपाली जनतासामु झुकाउन सकोस् ।

परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# 'क्रान्तिकारी' को हो र को होइन -२

सामन्तवाद र साम्राज्यवादको जरा उखालेर नयाँ जनवादी संघीय गणतन्त्रात्मक राज्य सत्ताको स्थापना गर्ने महान उद्देश्यसहित क्रान्तिमा होमिएका योद्धाहरूले हाँसी-हाँसी गोली थापेर शहिद बने, बेपत्ता बने र घाइते भए । तर कसैले पनि पश्चाताप गरेनन् । आफ्नो वर्गको मुक्ति, समानता र राष्ट्रिय स्वाधीनताको निमित्त अझै बलिदान गर्न आतुर थिए । तर क्रान्तिलाई रोकेर शान्ति प्रकृयामा आएर प्रचण्ड र बाबुरामले गरेको नकारात्मक हर्कतहरूका कारण इमान्दार कार्यकर्ताहरूमा एक प्रकारको निरासा, आक्रोश पैदा गरेको छ । जनमुक्ति सेनामा भर्ति भएर लडेका जनमुक्ति सेनालाई अयोग्य ठहर गरेर सेनाबाट छुट्याउनु गम्भीर प्रकारको कमजोरी थियो । योग्य भनेर ठहर गरिएका तर स्वेच्छिक अवकासका नाममा जनमुक्ति सेना बाहिरिन बाध्य पारिएका समेत गर्दा युवाहरूको ठुलो हिस्सा वास्तवमा जनताको मुक्ति आन्दोलनबाट टाढिन पुग्यो । हिजो छातीमा गोली थापेर लडेका युवाहरू जीवनदेखि नै निरास, अराजक, पलायन र विदेशका खाडीमा गएर रगत र पसिना बगाउन बाध्य छन् । युवाहरूको निरासा, कुण्ठा र अराजकतालाई कता-कता साम्राज्यवादका एजेण्टहरूले नजानिदो तबरबाट प्रयोग गर्न खोजेको पनि देखिन्छ । साम्राज्यवादका दलाल एनजीओ र आईएनजीओहरूले केही विष भरिएका र केहि गुलिया लड्डु बाडेर समग्रमा माओवादी क्रान्ति नै बेठिक थियो, माओवादी भन्ने पार्टी नै बेठिक हुन् र माओवादी नेताहरू सबै बेठिक छन् भनेर युवाहरूको आक्रोशलाई वास्तविक माओवादीका विरुद्ध, वास्तविक माओवादी आन्दोलनका विरुद्ध, वास्तविक माओवादी नेताहरूको विरुद्ध नजानिदो तबरबाट उकासिरहेका छन् । यो अत्यन्तै दुखद् र खतरनाक पक्ष हो । प्रचण्ड, बाबुरामले गरेका गलत व्यवहार, गलत निर्णय र गलत चिन्तनका कारणले त्यसलाई मलजल गरी रहेका छन् । यसलाई क्रान्तिकारी तरिकाले अत्यन्तै मिहिन तबरबाट अध्ययन गर्ने, अनुसन्धान गर्ने र भ्रमलाई साफ पार्ने कुरामा मेहनत गर्न आवश्यक छ ।

जनमुक्ति सेनामा आवद्ध युवाहरूलाई मात्र होइन, जनगणतन्त्र प्राप्तिका निमित्त शहीद, बेपत्ता भएका योद्धाका परिवारदेखि घाइते योद्धाहरूलाई समेत वास्तविक क्रान्तिबाट विमुख बनाउन एनजीओ र आईएनजीओमा लागेका एकाध व्यक्तिहरू कम्मर कसेर लागेका छन् । वर्ग दुश्मनका पहरेदार बनेर बसेका संशोधनवादीहरूको काँधमा बन्दुक राखेर सर्वहारा वर्गको छातिमा गुलिया, मिठा गोलीहरू ताक्दै छन् । यसर्थ यतिबेला शहीद/बेपत्ता योद्धाहरूको परिवार र घाइते योद्धाहरूले आफ्ना परिवारबाट बगेको रगतमाथि कसैलाई होली खल्ने ठाउँ नदिनका निमित्त सचेत बन्न आवश्यक छ । दशवर्षको वर्ग संघर्षको क्रममा तिनै महान शहीदहरू, बेपत्ता योद्धाहरू र घाइते योद्धाहरूले वर्गदुश्मन मुख्य त साम्राज्यवाद, विस्तारवाद र सामन्तवादको अन्त्यका लागि त्याग, वीरता र वलिदान गरेका थिए । तर आज विषय उल्टेको छ । सर्वहारा वर्गको आन्दोलन कमजोर भएको बेला हाम्रा वर्गवैरीहरूले क्रान्तिकारीहरूमाथि बदला लिन पीडामा छटपटी रहेका बेला स्वयम् शहीद र बेपत्ता परिवार तथा घाइते योद्धाहरूलाई मालेमावादका वैचारिक सिद्धान्तका विरुद्ध, माओवादी पार्टीका विरुद्ध र वर्ग संघर्षका विरुद्ध बोल्न उक्साईरहेका छन् ।


दिनेश शर्मा

यस विषयमा होसियार हुन आवश्यक छ ।

विगतमा क्रान्तिको नेतृत्व गरेका एकाध नेताहरूको बेइमानीका कारण इमान्दार व्यक्तिहरूमा समेत नकारात्मक छाप पर्ने र क्रान्तिमा उदासिनता पैदा हुँदोरहेछ । सच्चा सर्वहारावर्गका प्रतिनिधिहरूले यस प्रकारको उदासिनतालाई आफ्नो वर्गप्रति निस्ठावान भएर गहिरो अध्ययनका साथ चिर्न आवश्यक छ । उदासिनता, अकर्मण्यता र वैचारिक विचलनका कारण हिजो जनमुक्ति सेनामा भर्ति भएर वर्गदुश्मनका विरुद्ध जीवन बाजी लगाएर लडेका योद्धाहरूलाई पनि साम्राज्यवादले कतै न कतैबाट भड्काउने कोशिस गर्दैछन् । बाँकि रहेको क्रान्तिको कार्यभारबाट विमुख गराउन हर तहको कोशिस गर्दै छन् । त्यसैले यतिबेला राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका वर्गदुश्मनहरू संशोधनवादी तथा नवसंशोधनवादीहरूको काँधमा चढेर मालेमावादको वैचारिक हतियारलाई कमजोर बनाउने तथा वर्गसंघर्ष उठेमा दमन गर्ने उद्देश्यका साथ नेपालमा केन्द्रीत छन् । वर्गीय समाजमा यसो हुनु अनिवार्य नै छ ।

तर सवाल के हो भने नेपाली जनता इमान्दार छन् । आफ्नो वर्ग र समाजको मुक्तिका निमित्त प्रतिबद्ध पनि छन् । इमान्दार जनसमुदायको पंक्तिबाट आएका कम्युनिष्ट कार्यकर्ताहरू झनै इमान्दार हुने नै भए । क्रान्तिमा, वर्गसंघर्षमा इमान्दारहरूको ठुलो जथ्या तयार पार्न पर्छ । सर्वहारा वर्गीय क्रान्तिमा इमान्दारिताले मात्र पुग्दैन । वर्ग अन्तरविरोधलाई वस्तुसम्वत तवरबाट बुझ्ने, वर्गसंघर्षप्रति प्रतिबद्ध, वर्गप्रति प्रतिबद्ध, मालेमावादको सिद्धान्तप्रति प्रतिवद्ध तथा संशोधनवादप्रति घृणा गर्न सक्ने आँट र हिम्मतका साथै वैचारिक क्षमताको विकास भएका व्यक्तिहरूको बढी आवश्यकता पर्दछ । किन कि, सर्वहारा वर्गको आन्दोलनमा संशोधनवाद अत्यन्तै खतरनाक तवरबाट आउने गर्दछ । हाम्रो देशको सर्वहारावर्गीय आन्दोलनमा समेत त्यहि भएको छ । विगतदेखि नै कोहि सामन्तवादका दलालका रूपमा, कोहि साम्राज्यवादका दलालका रूपमा मार्क्सवादको खास्टो ओडेर वर्ग संघर्षका विरुद्ध आफ्ना दैनिक हर्कत गर्दै आएका थिए । दशवर्षको जनयुद्धको भीषण वर्गसंघर्षले ठूलो धक्का दिदै आउने क्रममा प्रतिक्रियावादी वर्गसँगै शंसोधनवाद पनि कमजोर बनेको थियो । जब मालेमावादका नाममा माओवादी पार्टीभित्रैबाट पैदा भएको नवशंसोधनवाद आज निकै खतरनाक रूपमा आईरहेको छ । केहीले मालेमावादलाई ठाडै इन्कार गरेता पनि केहीले अझै भ्रम दिइरहेका छन् । माओवादी आन्दोलनबाट आएका कार्यकर्ताहरू इमान्दार त भए तर वैचारिक बन्न सकेनन् । जसले गर्दा मालेमावादको वैचारिक सिद्धान्तबाट च्युत भएका बाबुराम भट्टराईले समेत एउटा हिस्सालाई अझै भ्रम दिन सफल छन् भने प्रचण्ड र विप्लवले त झन कम्युनिष्टको साइनबोर्ड झुण्डाएर ठुलै भ्रम दिइरहेका छन् । रूप फरक तर सार एउटै 'सुधारवादी धार' समातेका कोही माओवादी नाममा, कोही नयाँ शक्तिका नाममा, त कोही कम्युनिष्ट पार्टीका नाममा देखा परेका घोर अवसरवादी तत्वका बारेमा स्पष्ट नपारिकन क्रान्तिकारीहरूलाई गोलबन्द गर्न सकिंदैन ।

१. **बाबुराम भट्टराईको नयाँ शक्ति** – यो समूह मालेमावादको वैचारिक सिद्धान्तका विरुद्ध मुख्यतः सर्वहारा वर्गीय क्रान्तिको घाँटी निमोठ्नका खातिर खडा गरिएको एउटा बर्जुवा वर्गको प्रतिनिधित्व गर्ने समुह हो । यतिबेला त्यस समुहमा बाबुराम भट्टराई लगायत केही व्यक्तिहरू हिजो जनयुद्धमा लागेका व्यक्तिहरू हुन् भन्नु बाहेक अन्य विषय उनीहरू सँग छैन । उनीहरूसँग मात्र बाँकी रहेको विषय भनेको हिजो उनीहरू पनि माओवादी थिए भन्ने मात्र हो ।

मार्क्सवाद अपुरो छ, त्यसैले पुँजीवाद नै पुर्ण छ, त्यसलाई नयाँ तवरवाट व्याख्या, विश्लेषण र संश्लेषण जरुरत त्यो काम म पुरा गर्छु भनेर स्वयम् बाबुराम भट्टराईले भनिरहँदा र मालेमावादका आधाभूत सिद्धान्तको परित्याग गरी सर्वहारावर्गीय कार्यभारका ठाउँमा पुँजीवादी कार्यभारसहित पार्टीको नाम समेत नयाँ शक्ति नामांकरण गरेर सबै प्रकारका बुर्जुवा पार्टीहरूसँग एकता गर्दै हिडेका अवस्थामा अझै पनि बाबुराम भट्टराईलाई सर्वहारा वर्गका प्रतिनिधि हुन् कि भनेर बुझ्नु वा नयाँ शक्तिलाई सर्वहारावर्गको पार्टी नै हो कि भनेर बुझ्नु भनेको बालुवा पेलेर तेल निकाल्न खोज्नु जस्तै हो । बरु स्वयम् बाबुराम भट्टराई इमान्दार बुद्धिजीवी देखिए । किन कि, म सर्वहारा वर्गको विचार मालेमावादलाई मान्दिनँ, सर्वहारावर्गले चलाउने वर्गसंघर्षलाई मान्दिनँ, सर्वहारा वर्गको अधिनायकत्वलाई मान्दिनँ भनेर खुलेआम भनिदिए । यस कारण अबको बाबुराम भट्टराई र उहाँको नयाँ शक्ति भनेर समुहले समाजमा उत्पीडनमा परेका मजदुर किसान, दलित, महिला, आदिवासी, जनजाति, मधेसी, मुस्लीम र उत्पीडित क्षेत्रका जनताको सरोकारको विषय वा मुक्तिको विषयलाई प्राथामिक होइन बर्तमान अवस्थालाई कायम राख्न उनले भनेका छन् आर्थिक विकास । यो त केवल उत्पीडनमा परेका वर्ग र समुदायलाई झुक्याउने नारा मात्र हो । बरु यसका पछाडि लाग्नु र भ्रममा पर्नु भनेको नै विडम्बना हो ।

२. **प्रचण्डको माओवादी केन्द्र**– यो समुहले दश वर्षको जनयुद्धको क्रममा दशौ हजार भन्दा बढी महान शहिदहरू, हजारौं हजार बेपत्ता शहीद योद्धा तथा घाइते योद्धाहरूको त्याग, वीरता र वलिदानबाट प्राप्त आधार इलाका, स्थानीय जनसत्ता, जनमुक्ति सेना तथा रगतसँग साटिएका हतियार लगायत कयौं उपलब्धीहरूलाई समाप्त बनाएर वुर्जुवासँग हातेमालो गर्दै वर्गीय विचार 'मालेमावाद'को आधारभुत सिद्धान्तलाई परित्याग गर्दै आफुलाई क्रमशः बुर्जुवाकरणको दिशामा अगाडि बढाउदै गरेका समुह हो । जनयुद्धको क्रममा शहादत प्राप्त गर्ने महान शहीदहरू, बेपत्ता योद्धाहरू र घाइते योद्धाहरूको त्याग, वीरता र वलिदानले स्थापित गरेको इमेजलाई प्रयोग गरेर दुश्मनका अगाडि घुँडा टेकेर पटक-पटक सरकारमा पुगेको उक्त समुह यही बुर्जुवा लोकतान्त्रिक गणतन्त्रलाई संविधानद्वारा संस्थागत गर्न तल्लीन छ ।

... बाँकी ७ पेजमा

## झर्रोटर्रो — कैलुब्राह

# सरकारी होली

सनातनी हिन्दू धर्माधारीहरूले मनाउने ठूलै पर्व मध्यको एउटा पर्व हो होली । यो विशेष गरेर हिन्दूस्तान मण्डल र नेपाल मण्डलमा धुमधडकासँग मनाइन्छ । त्यसपछिको रहलपहलमा यो पर्व कुइरे खैरे र होचा पुड्काहरूको मुलुकतिर देशाटन गरी यी दुवै मण्डलबाट गएका हिन्दू धर्मधारी खाँटी मनुवाहरूले पनि मनाउने गर्छन् । हरेक वर्ष फन्को मार्दै आउने फागु पूर्णमासीमा यो पर्व मनाउने चलन सनातनदेखि चलिआएको छ । यो पर्वमा राता, पहेँला, काला, निला, हरिया इत्यादि भएजतिका रङ मिसाएको रङ्गिन पानीले एकापसमा छ्यापाछ्याप गरेर, अविर दलादल गरेर र धुइँसेमुइँसे भएर मानाउने गरिन्छ । यो पर्व विकसित हुँदै जाँदा रङरोगनको स्थान कुहेका बिकासी अण्डा, गाडि र मसिनबाट फालिएका मोविल, ग्रिज, चुला माथिको धुइँसो, तीनपानेको लेदो छोक्रा मिसाएर बनाइएको लेदो र लिदीले लियो । रैती मनुवाहरूले होली खेल्दा अचेल यही जिनिसको व्यापक मात्रामा प्रयोग भइआएको छ । अचेल यस्ता लिदी प्रयोग गर्ने कुरालाई अब्बल मानिन्छ । चुल्ठे, मुन्द्रे, टाटे, पाङ्ग्रे, जगल्टे, पुत्ले, झ्यापुल्लेदेखि मच्छडदानीका कपडा लाउने र टुपिसे बस्त्रधारीहरूसम्मको लागि होलीको अब्बल रङ्ग बनेको छ यहि लेदो र लिदी । सहर बजारमा त झन् यसैको हालिमुहाली र बर्चस्व रहन थालेको छ ।

यसरी तयार पारिएको लेदो र लिदीले बाटाघाटामा हिँडडुल गर्ने सोझासिधा जनता जनार्दनलाई बिना अनुमति घरका छतबाट होस् या बाटाका कुनाकानी र गल्ली गल्छेडाबाट होस्, जहाँबाट मौका पर्छ त्यहिँबाट लुकेर बसेका उरन्ठेउला ठेट्नाहरूले हिर्काइहाल्छन् । त्यसपछि बाघले आहारा झम्टेझैँ बटुवालाई झम्टिएर उसलाई कच्याप्प समाएर कुरूप पारेर सिँगारिन्छ र होलीको जस्न मनाइन्छ । अझ स्त्रीलिङ्गका जवानी बटुवा छन् भने त उनीहरूलाई के खोज्छस् काना आँखो भइदिन्छ । उनीहरूमाथि सिनोमा गिद्द परेझैँ पर्छन् । छामछुम र माडमुड पारेर उसको हुर्मत लिन्छन् । लुच्छन् । यसैलाई होली भनिन्छ । सरकारको कानून नामको ढुङ्ग्रोले अनुमति बिना होलीमा कुनै पनि मनुवालाई रङ हान्न पाइँदैन, कसैले हानेमा कानून बमोजिम सख्त कारवाही चलाइने छ भनेर फुक्छ । उसको फुक्ने चाला पनि औपचारिकता मात्रै हो । यदि कसैले आफ्नो इच्छा विपरित मलाई रङ्ग हानेर कुरूप पारियो भनेर सरकारी बर्दीखानामा उजुरी दिन गयो भने पनि सरकारी बर्दीले 'चाडपर्वमा अलिकता यसोउसो त भइहाल्छ नि यस्ता उजुर पनि लिएर आउने हो ?' भनेर हप्काउँछ र उल्लु बनाएर पठाउँछ । यस्तो छ होली मनाउने काइदा ।


यतिखेर हुनुपर्ने चर्चाको विषय भनेको सरकारी होलीको हो । सरकारी होली मनुवाले खेल्ने जस्तो रङ्गको पनि होइन, लेदो र लिदीको पनि होइन । सरकारले गोलीबाट होली खेल्छ र रगतको रङ्गोली बनाउँछ । भर्खरै मात्र सप्तरीमा केही दिन अगाडि नेपाल मण्डलको सरकारले गोलीबाट होली खेल्यो र पाँचजना मधेशी मनुवाहरूलाई ठहरै पार्दै रगतको रङ्गोली बनायो । त्यसको दुईदिन पछि हिन्दूस्तानी सरकारले कन्चनपुरको आनन्द बजारमा गोलीकै होली खेलेर एकजना गोर्खालीको रगतले रङ्गोली बनायो । दुवैको होलीको निसाना बने गरिबगुरुवा पाखुरा बेचेर ज्यान पाल्ने निमुखा नेपाली रैथाने मनुवा । दुवैतिरका सरकार परे खाँटी हिन्दू धर्मधारी । सरकार भनेको गरिबगुरुवाको रगतको होली खेलेर कुर्चिमा विराजमान हुने जन्तु हो । यसले रगतको मात्रै होली खेल्न रुचाउँछ । होली खेल्नलाई सिमारेखाले पनि छेकबार लाउँदैन । लाउन पनि पाउँदैन । यो स्वतन्त्र हुन्छ । बरू ठूलो सीमानातिरको काला सरकारी बुटले साना सिमानालाई किचिमिचि पारिदिन्छ र साना सिमानातिर आएर होली खेल्छ । सात सालको रगतको होलीले चारतारेलाई सरकारमा पुर्‍यायो । सरकारमा पुगेर चारतारेले ताण्डव नृत्य देखाउन थालेपछि सत्रसालमा पञ्चप्रेतको सरकार उदायो । पञ्चप्रेतले पनि तीस बर्ससम्म रगतकै होली खेलेर सरकार चलायो । छयालीसको रहगतको होलीले काङवामको सरकार जन्मायो । त्यसले पनि रगतकै होलीमा जस्न मनाइरह्यो । बाउन्न बैसट्ठीको रगतको होलीले सुप्रिमो, गोर्खाली डाक्टर र काजीलाई सरकारमा विराजमान बनायो । अहिले टाउकाको मूल्य तोकेर होली खेल्ने र मूल्य तोकी माग्नेहरू एकै थलोमा बसेर रगतकै होली खेलिरहेका छन् । दाइ काले म पनि काले, काले काले मिलेर खाउँ भाले भन्दै हिजो जनयुद्धमा एकार्कालाई वर्गशत्रु ठानेर गोलीको होली खेल्नेहरू अहिले वर्गमिलान गरि एउटै सरकार बनाएर तिनै रैती मनुवाहरूको छाती ताक्दै रगतको होली खलिरहेका छन् । यो बहुदल र लोकतन्त्र पनि ठोकतन्त्र र दलालतन्त्र नै रहेछ । यसको होली पनि रगत र गोलीकै होली रहेछ । गणतन्त्र पनि आखिरमा गनतन्त्र नै रहेछ ।

अब रह्यो कुरा यस्तो होलीको विरोध र समर्थनको । यो रगतको होलीको विरोध गर्ने काइदा पनि गजबको छ । सरकारबाट हटेको भोलीपल्टबाट रगतको होली खेल्ने सरकारको विरोधमा देशभर शक्तिको तुजुक देखाउँदै कुदारेकुद गर्छ । सरकारी गोलीका लोला थाप्न तिनै गरिबगुरुवा रैती र कारिन्दाहरूलाई पठाउँछ । जब सरकारले बन्दुकबाट भटटट गोलीले होली मनाउन थाल्छ तब आफ्ना मरेका कारिन्दाहरूको लास महादेवले सतीको लास बोकेझैँ बोक्छ र सरकारमा जाने भर्‍याङ बनाउँछ । त्यसपछि प्रभुहरूकहाँ बर माग्न जान्छ । प्रभुले तथास्तु भन्दै सत्ताजोगको बरदान दिएपछि सरकार फेरबदल हुन्छ । यसरी सडकको लाउके सरकारमा उक्लिन्छ, सरकारको लाउके सडकमा ओह्रालिन्छ । सरकारमा पुगेको लाउकेले फेरि रगतकै होली खेल्न थाल्छ । यसरी सरकारले मनाउने होली बाह्रै महिना जुनसुकै दिन पनि हुन्छ । रैतीहरूले मनाउने सनातनी होली बर्समा एकचोटी आउँछ । त्यो पनि पाहाडमा एकदिन र तराइमा अर्को दिन पर्छ । तर सरकारी होली र रङगोली सँधैभरी पर्छ । यसरी नेपाल मण्डलमा सरकारी होली मनाउने सरकारी पात्रो तयार भएको छ । सहर बजार र गाउँटोलका उरन्ठेउला चुल्ठे मुन्द्रे, टाटे पाङ्ग्रे ठेट्नाहरूले सोझासिधा ठिटाठिटीहरूलाई लेदो र लिदी छ्यापेर उनीहरूलाई कच्यापकुरूप पारेर मनाउँछन् भने सरकारले गरिबगुरुवा मनुवाहरूका छाती ताकेर गोली हान्दै रगतको होली मनाउँछ । आई रे आई रे गोलीका होली आई रे । हुर्रे ।

*२८ फागुन २०७३*

kailubraha73@gmail.com

# दशगजाका नेपालीलाई 'नेपाली राष्ट्रियता' अरुलाई भन्दा प्यारो छ



❑ **कृष्णदेवसिंह दनुवार**, सचिवालय सदस्य तथा मिथिला राज्य इञ्चार्ज नेकपा (क्रान्तिकारी माओवादी)

**सप्तरी हत्याकाण्डले आम मधेसीको सामाजिक मनोविज्ञानमा कस्तो असर पारेको पाउनु भएको छ ?**

सप्तरी हत्याकाण्ड पहाडीया अहंकारवादको अभिव्यक्ति र नमूना हो । यसले आम मधेसीको सामाजिक मनोविज्ञानमा मधेसी जनतालाई यो अहंकारवादले नेपाली नागरिक ठान्दैन भन्ने परेको छ । सप्तरीमा मानवताविरुद्धको पराकाष्ठा एमाले र यहाँको शासकले देखायो । सप्तरी हत्याकाण्डले अहिलेको संसदीय राज्य व्यवस्थाप्रति आम मधेसीमा घृणा भाव प्रवल बनाइदिएको छ ।

**पछिल्ला वर्षहरूमा मधेसमा हत्या, हिंसा र अशान्ति बढ्दै जानुको कारण के हो ?**

पहिला मधेसमा हत्या हिंसा बढ्दै जानुको कारण भारतीय शासकवर्गद्वारा माओवादीका विरुद्धमा कोन्ट्रा विद्रोही जस्तै जनतान्त्रिकहरूको जन्म गराएको हुनाले भएको हो । विचारविनाका विभिन्न स्वार्थ समूहहरूले हतियार उठाएको हुनाले मधेसमा अस्थीरता पैदा हुँदै आएको छ ।

**मधेसवादी दलहरूले उठाएका मागहरू र पहाडे खस ब्राह्मणवादीहरूको हठलाई कसरी हेरिरहनुभएको छ ?**

मधेसी पार्टीहरूले उठाएका मागहरूबाट मधेसकै किसान, मजदुर, उत्पीडित समुदायको वास्तविक मुक्ति हुँदैन । किनकि, यही सत्ताभित्र केही सुधार गर्ने माग कुनै ठूलो कुरा होइन । एमालेमा सामन्तवादी हठ देखिन्छ भने मधेसवादीहरू भारतीय विस्तारवादको ग्रयाण्ड डिजाइनमा छन् । उनीहरू दुवै संसदवादी हुन् । सुधारवादी हुन् । उनीहरूबाट जनताको मुक्ति सम्भव छैन । त्यसकारण हिमाल, पहाड, मधेस/तराईका जनताले अब संसदवादी पार्टीहरूलाई होइन, क्रान्तिकारी शक्तिलाई साथ दिनुपर्छ, सहयोग गर्नुपर्छ ।

**मधेस/तराईको दक्षिणी क्षेत्र भारतसँग सीमा जोडिएको क्षेत्रमा भारतीय सुरक्षा बलको ज्यादतिको घटना फेरि पनि सार्वजनिक भइरहेका छन् । कञ्चपुरको आनन्द बजारमा नेपाली भूमिमै प्रवेश गरी एक जना नागरिकको हत्या भएको घटनालाई कसरी लिनु भएको छ ?**

मधेसमा परापूर्वकालदेखि नै भारतीय विस्तारवादको दादागिरी र नेपाल सरकारको निरीहपनाले गर्दा बारम्बार घटना दोहोरिरहेका छन् । दक्षिणी बेल्टमा बस्ने नेपालीहरू बिना बर्दीका, बिना तलबका भारतीय शासक वा प्रशासकसँग लड्दै आएका सिपही हुन् । उनीहरूले भारतीय ज्यादतीका विरुद्ध सँधै लड्दै आएका छन् । तर जनताको त्यो स्वाभिमानीपूर्ण लडाईंमा यो देशका शासकहरू सहयोगी बन्न सकेका छैनन् । त्यसप्रति नेपालका शासक र प्रशासकहरू मौन छन् । यसकारण कि भारतकै दलाली र चाकरीमा उनीहरू सत्तासिन छन् । सत्तामा टिकेका छन् । कंचनपुर आनन्दबजारको घटना निन्दनीय छ । गोली हान्ने एसएसबी जवानलाई कारबाही गर्नुपर्छ । भारतीय सरकारले माफी माग्नुपर्छ र नेपाल सरकारले मृतकलाई क्षतिपूर्ति दिनुपर्छ ।

**मधेसका अधिकांश जिल्लामा सिमाना भारतसँग जोडिएका छन् । सीमामा के–कस्ता भारतीय ज्यादति नेपाली नागरिकले भोग्नुपरेको छ ?**

मधेसका सबै जिल्ला र पहाडका केही जिल्लाहरू भारतसँग जोडिएका छन् । ती सबैमा भारतीय विस्तारवादद्वारा समय-समयमा सिमाना सार्ने, नेपाली चेलीहरूमाथि अभद्र व्यवहार गर्ने, बिना कारण धम्क्याउने, कुटपिट गर्ने गर्दै आएका थुप्रै घटनाहरू छन् । पूर्वदेखि दक्षिण हुँदै पश्चिमसम्मका विभिन्न उदाहरणहरू छन्, महाकालीमा भारतले सेना राखेको, मेची नगरपालिकाका केही भू-भागहरू भारतमा मिलाएको, विभिन्न ठाउँमा दशगजा सारेको र बेलाबखतमा नेपालकै भूमिमा पसी गोली हानेर नेपाली नागरिकको हत्या गर्ने गरेका छन् ।

**मधेसमा भारतीय हस्तक्षेपविरुद्धको जनमत कस्तो छ ?**

मधेसमा भारतीय विस्तारवादको हस्तक्षेकारी भूमिकाको विरुद्ध समय-समयमा बिना वर्दीका मधेसीहरू भिडन्त गरिरहेका छन् । सप्तरीको तिलाठी त्यसैको उदाहारण हो । वास्तवमा नेपालका राजनीतिक पार्टी र नेताहरूले सिमानाका जनताबाट राष्ट्रियताको पाठ सिक्नु पर्दछ । सिमानाका जनतालाई जत्तिको नेपाली राष्ट्रियता प्यारो अरुलाई हुन सक्तैन ।

**नेपालका खस ब्राह्मणवादी पहाडे शासकहरूले नेपालको राष्ट्रिय स्वाधीनताप्रतिको मधेसी जनताको स्वाभिमानप्रति सधैं प्रश्न उठाउने गरेका छन् । कारण के देख्नु हुन्छ ?**

यो उनीहरूको कायरताको पराकाष्ठा हो । नेपालको शासनसत्तामा सबैभन्दा लामो समयसम्म शासन गर्ने भनेका नेपालका खस ब्राह्मणवादी पहाडे शासकहरू नै हुन् । उनीहरूले नै सबैभन्दा ठूलो राष्ट्रघात गरेका छन्, यहाँका नदीनाला, प्राकृतिक सम्पदा सबै बेची खाएका छन् । मधेसी जनताले भारतीय विस्तारवादलाई के बेचेका छन् ? बरु उनीहरू नेपाली भूमिको माटोको रक्षाका निम्ति विस्तारवादी ज्यादतीका विरुद्ध लड्दा लड्दै जीवन गुमाएका छन् । आफ्नो राष्ट्रघाती चेहेरा छोप्न उनीहरूले मधेसी जनताको नेपाली राष्ट्रियतामाथिको स्वाभिमानलाई शंकाको नजरले हेर्ने गरेका छन् ।

**उपेन्द्र यादव र सिके राउतहरूले मधेस टुक्र्याउने धम्की दिने गरेका छन् । उनीहरूको यो भनाइलाई भारतसँग जोडेर हेर्ने गरिन्छ । मधेसवादी दलमा भारतको प्रभाव कस्तो पाउनु भएको छ ?**

उपेन्द्र यादव र सिके राउतले समय-समयमा मधेस टुक्राउने जुन कुरा उठाइएका छन्, त्यो खस पहाडीया ब्रह्मणवादीहरूको दमनको विरुद्धमा चित्कारका स्वरहरू हुन् । किनकि बारम्बार मधेसीहरूले जायज मागहरू माग्दा त्यसलाई सम्बोधन गर्नुको सट्टा दमन गर्ने नीति अपनाउनु त्यसैको प्रतिफल हो । जहाँसम्म भारतसँग जोड्नु उनीहरूको कायरता हो । किनकि आफूहरू सत्तामा जानको लागि त्यही भारतको दलाली गर्ने, खुट्टा समात्ने तर मधेसीहरूले जायज माग राख्दा भारतीय देख्ने यो खस पहाडी अहंकारवादको नालायकपना वा बचपना हो ।

**मधेसी मोर्चा वा सिके राउतले उठाएका मुद्दाबाट मधेस समस्याको समाधान हुने देख्नुहुन्छ ?**

मधेसी मोर्चा र सिके राउतले उठाएको मुद्दाबाट वास्तविक मधेसीहरूको मुक्ति हुँदैन । किनकि उनीहरू यही संसदवादी सत्ताको वरिपरि गोलचक्कर मार्न चाहन्छन् । यो संसारमा सत्ता वर्गीय हुन्छ । उनीहरूले पुँजीपतिवर्गको सत्ताको कुरा उठाएका छन् । त्यसबाट वास्तविक गरिब, किसान, सुकुम्बासी, मजदुर, उत्पीडित समुदायको समस्या यो पुँजीवादी सत्ताबाट समाधान असम्भव छैन । मधेसी जनताको वास्तविक मुक्ति त मालेमावादी विचारमा आधारित क्रान्तिकारी माओवादीको नेतृत्वमा हुने नयाँ जनवादी क्रान्तिबाट मात्र सम्भव छ ।

**मधेस समस्या समाधानका लागि क्रान्तिकारी माओवादीको धारणा के हो ?**


मधेसमा मात्र होइन कि यो देश हुँदै सम्पूर्ण संसारमा समस्या समाधानको लागि क्रान्तिकारी माओवादीले आफ्नो नीतिमा प्रष्ट पारेको छ कि जबसम्म उत्पीडित वर्गको राज्यसत्ता आउँदैन, तबसम्म वास्तवमा समस्याको समाधान हुँदैन । यसको लागि मालेमावादी सिद्धान्तको जगमा नयाँ जनवादी क्रान्ति गरेर समाजवाद हुँदै साम्यवादमा पुगेपछि नेपाललगायत सम्पूर्ण दुनियाँका समस्याको समाधान हुन्छ । हामीले आत्मनिर्णयको अधिकार, पहिचानसहितको संघीयता, किसान, मजदुर, महिला, दलित, मुस्लिम, मधेसीलगायत उत्पीडनमा परेका जातिहरूको यो राज्यमा पूर्ण समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी गराएर मात्र श्रमजीवि शोषित उत्पीडितहरूलाई मुक्त पार्न सक्छौं भन्ने विचारमा दृढ रहँदै आएका छौं । यही विचार र लाइनबाट मधेसका वास्तविक मधेसी जनताको मुक्ति सम्भव छ ।

# कारणहरूको अन्तर्यमा 'सप्तरी हत्याकाण्ड'

पहिलो संविधान सभाको षड्यन्त्रपूर्ण तरिकाले अवसान र भारत, अमेरिका तथा नेपालका पश्चगामी दलालपूँजीपति वर्ग, सामन्त लगायतका वर्चश्वशाली समूहको प्रभावमा राजनैतिक नेतृत्वका व्यक्तिहरूको कायरपूर्ण भूमिकामा सम्पन्न गरिएको दास्रो संविधान सभाको निर्वाचन र त्यसले निर्माण गरेको संविधान त्यहि समूहको स्वार्थसिद्धिको निम्ति हुनु स्वाभाविक थियो, त्यहि नै भयो । राजतन्त्रको अन्त्य पहिलो संविधान सभाको पहिलो बैठकले गर्न भ्यायो, त्यो नै धेरै महत्वपूर्ण पक्ष सावित भयो । दश वर्षे जनयुद्ध र ०६२/६३ को जनआन्दोलनको तापले त्यसप्रकारको अग्रगामी निर्णयको निम्ति बल मिल्यो । पहिलो संविधानसभाको शुरुआत जनयुद्ध र जनसंघर्षका ओजमा वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक, भाषिक, धार्मिक लगायत आर्थिक सामाजिक विभेदहरूको अन्त्य गर्ने गणतन्त्र पहिचान सहितको संघीयता, धर्मनिरपेक्षता, सामाजिक न्याय, समानुपातिक समावेशी प्रतिनिधित्व हुने लोकतान्त्रिक व्यवस्थाको निम्ति सकारात्मक बहसको उठान भएको थियो । समय बित्दै जाँदा छद्म अवसरवादी तत्वको भुमिकाले त्यस वातावरणलाई अधि बढ्न अवरोध खडा गर्न थाल्यो । संघीयताले देश टुक्रिन्छ, अखण्ड सुदुरपश्चिम, अखण्ड लुम्बिनी, अखण्ड चितवन जस्ता नाराहरू सडक र संविधानसभामा उठ्न थाले तिनै समूहद्वारा संविधान नै नबनाई अन्त्य गराइयो । दोस्रो संविधानसभाको निर्वाचन जुन विधि र प्रक्रियाबाट गराइयो त्यो असंवैधानिक र अलोकतान्त्रिक रहेको तत्कालीन नेकपा-माओवादी, नेकपा (एकीकृत) लगायत तेतीस दलले बहिष्कार गरेको थियो । दास्रो संविधानसभाले के दियो त ? त्यसले एउटा यस्तो संविधान दियो जसको निर्माणकाल नै ठूलो विवाद थियो र घोषणा भए पछि देश पक्ष र विपक्षमा विभक्त भयो । संविधान निर्माणकर्ता ठूला दलका नेतृत्व र देशका शासक वर्ग एक पक्षमा थिए, तिनले उत्कृष्ट संविधान भनेर दीपावली गरे भने देशका उत्पीडित वर्ग, आदिवासी जनजाति, मधेसी, महिला, दलित, मुस्लिम र दुरदर्शी क्षेत्रका जनताले देशभरी ब्ल्याक आउट गरे । राजधानीमा नेकपा (क्रान्तिकारी माओवादी), मधेसी मोर्चा, संघीय समाजवादी पार्टीले संविधान दहन गरेका थिए । संविधान निर्माता तीन दलीय सिण्डिकेटका नेताहरू, ब्राम्हणवादी, खसआर्याको अगुवा, अखण्डवादी संघीयता विरोधी तथा बाह्य शक्तिको चाहनालाई प्रतिनिधित्व गर्ने समूहको पक्षमा उभिएकोले नवनिर्मित संविधानलाई उत्कृष्ट भनेका हुन ।

संविधानले उत्पीडित वर्ग, जाति, लिंग, क्षेत्रीय समुदायको हक, पहिचान र समस्यालाई सम्बोधन गरेन भनेर नवघोषित संविधानलाई अस्वीकार गर्नेको पंक्ति लम्बिदै छ । आदिवासी जनजातिहरू, मधेसी, महिला, दलित, मुस्लिम, दुखर्ती क्षेत्रका जनता नवघोषित संविधानलाई स्वीकार गरेका छैनन् । ६ महिनासम्म तराई बन्द रह्यो । आजसम्म दासत्वको बन्दनबाट मुक्त हुन नसकेको थारुहट पुनः अखण्डवादी, ब्राम्हणवादी खस अहंकारवादीको सांङ्लोमा जकडिन पुगेका छन् । त्यसैले यो संविधान वर्चश्वशाली समुदायको पक्षमा उत्कृष्ट रहेपनि उत्पीडित वर्ग, जाति, लिंग र क्षेत्रीय समुदायको हितमा छैन ।

संघीय गठबन्धन, संयुक्त मधेसी मोर्चा, थारु, दलित र मुस्लिमले संघर्ष गरिरहेका छन् । तिनीहरूले संविधान संशोधन गरेर संघीय संरचनामा केही परिवर्तन र परिमार्जनको माग गरिरहेका छन् । सरकारले मधेसीको माग सम्बोधन गर्न भनी प्रस्ताव दर्ता गराएको छ र स्थानीय निकायको चुनावको मिति पनि घोषणा गरि सकेको छ र प्रमुख प्रतिपक्ष स्थानीय चुनाव प्रति दबाब दिई रहने छ । तर संविधान संशोधनलाई स्वीकार नगर्ने भनेर घोषणा गरेको छ । संघीय गठबन्धन र मधेसी मोर्चाले संविधान संशोधन गरेर माग पुरा नगरे चुनावमा नजाने र तराईका जिल्लाहरूमा संघर्षका कार्यक्रमहरू निश्चित गरेका छन् । एमालेले आफ्नो विश्वास गुमाएको क्षेत्र तराईमा आफ्नो उपस्थिति र प्रभाव दखाउने मनसायले मेची-महाकाली अभियान चलाउँदै फागुन २३ गते सोमबार सप्तरीको राजविराज देखि ३ कि.मी. उत्तर मलेठमा रहेको सरकारी स्वामित्वको गजेन्द्र नारायण औद्योगिक क्षेत्रको बन्द घेराभित्र प्रहरीको कडा घेरामा तीन



● कमल चौधरी

**आजसम्म दासत्वको बन्दनबाट मुक्त हुन नसकेको थारूहट पुनः अखण्डवादी, ब्राम्हणवादी खस अहंकारवादीको सांङ्लोमा जकडिन पुगेका छन् । त्यसैले यो संविधान वर्चश्वशाली समुदायको पक्षमा उत्कृष्ट रहेपनि उत्पीडित वर्ग, जाति, लिंग र क्षेत्रीय समुदायको हितमा छैन ।**

जना पूर्वप्रधानमन्त्रीको सहभागीतामा सभा गरेको अवस्थामा मधेसी मोर्चाका प्रर्दशनकारीहरूलाई औद्योगिक क्षेत्र नजिक आउन नदिन औद्योगिक क्षेत्रदेखि दक्षिणमा नै प्रहरीले रोकिरहेका थिए । त्यही क्रममा प्रर्दशनकारी र प्रहरीको बीच केही झडपको स्थिति बन्यो । प्रहरीले लाठी चार्ज गरेर आन्दोलनकारीलाई लखेट्ने क्रममा प्रहरी गाउँमा पसी अन्धाधुन्ध गोली चलाउँदा समचारमा आए अनुसार चार जना तर गाउँलेको भनाइ अनुसार सात जनाको गोली लागि मृत्यु भएको रिपोर्ट छ । टाउकोमा गोली लागि मृत्यु हुनेमा एक जना खोप केन्द्रमा औषधी पुऱ्याउन गएका कर्मचारी रहेको र अन्य तीन जना निर्दोष गाउँले रहेका बुझ्नमा आएको छ । गोली लागि घाइते भएकाहरू र निर्ममतापूर्वक कुटाई खाएकाहरूको उपचार स्थानीय गजेन्द्र नारायण अस्पताल र बी.पी. मेमोरियल धरान अस्पतालमा हुँदैछ ।

के प्रदर्शनकारीहरूमाथि गोली चलाउनु आवश्यक थियो ? प्रत्यक्षदर्शीहरूको अनुसार एमालेको सभा औद्योगिक क्षेत्रभित्र हुँदै थियो । औद्योगिक क्षेत्रको चारैतिर ८ फिट जति उचाइका पर्खालहरू छन् र एउटा फलामे ढोका छ । यो भन्दा पहिले कुनै राजनैतिक कार्यक्रम नभएकोमा यसपाली स्थानीय प्रशानको व्यवस्थापनमा त्यो औद्योगिक क्षेत्रको प्रयोग एमाले सभाको निम्ति गरियो । त्यत्रो सुरक्षित घेरामा प्रहरीको घेरा तोडी कुनै प्रर्दशनकारी भित्र संम्बवनै छैन । २०० मिटर भन्दा पनि पर खेतमा कालो झण्डा देखाएको झोंकमा गोली चलाउने आदेश कुनै अर्थमा उचित थिएन । गोली चलाउनुपूर्वका विकल्पहरू पनि थुप्रै छन्, त्यसको प्रयोग भएको पाइदैन । प्रहरीले एक सय सेल टियर ग्याँस हानेको भन्ने छ । १०० सेल टियर ग्यासको विषालु धुँवा पचाएर कोहि पनि त्यस छेउछाउमा बस्न सक्ने अवस्था रहँदैन । त्यस उप्रान्त पनि गोली चलाउनुको आवश्यकता किन पऱ्यो ?

भनिन्छ- प्रजातन्त्रमा कसैले कसैलाई सभा जुलुस विरोध प्रदर्शन आदि गर्न रोक्न मिल्दैन । यो राम्रो कुरा हो । यस कुराप्रति सबै सचेत हुन पनि पर्दछ । मेची-महाकाली अभियानमा हिडेका तीन जना पूर्व प्रधानमन्त्रीहरूले त्यो सुविधा पाएको पनि देखिन्छ । जब कि तिनीहरूकै सरकारको बेलामा सभा जुलुसमा प्रहरीले हस्तक्षेप गरेका थुप्रै घटनाहरू छन् । उनीहरू आफूले गाली गर्ने कुरामा कुनै सिमा राख्दैनन् तर अरुले उनीहरूको विरोध गरेका वा कालो झण्डा देखाएको सहन नसक्नु अरु पार्टीले गरिरहेको कार्यक्रममा पुलिसको मद्दतमा हस्तक्षेप गरिहिड्ने जस्ता कुराहरूले विरोधीहरू प्रतिको दृष्टिकोण स्पष्ट हुन्छ । तीन पूर्व प्रमको अघिल्तिर प्रहरीले सर्वसधरण जनतामाथि गोली प्रहार गरेर हत्या गर्दा मर्नेहरूमाथि आक्रमणकारीको आरोप हददर्जाको असहिष्णुताको प्रदर्शन नै हो । यसमा स्थानीय प्रशासन र सरकार त जिम्मेवार छदै छ, पूर्व प्रमहरू र हालका प्रतिपक्ष दलका राज्यकोषबाट भत्ता खाने सांसदहरू जिम्मेवार हुने कि नहुने ?

सप्तरी गोलि काण्ड हुनुको पछाडि तीनवटा कारणले काम गरेको भन्ने चर्चा चलेको छ,

१. मधेसीलाई आत्ककित पार्न,

२. प्रहरीभित्र चेन अफ कमानको असन्तुलन र

३. टिकापुर घटनाको बदला ।

उपरोक्त तीन कारणहरूमध्ये कुनै एउटा पनि साचो हो भने त्यो देशको निम्ति अत्यन्तै घातक र दुर्भाग्यपूर्ण हुने कुरा बुझ्नु आवश्यक छ । सत्ता पक्ष र प्रतिपक्षमा भएकाहरूले नै बनाएको संविधान हो । त्यसैले निर्माताको निम्ति राम्रो नहुने त भएन तर जनताको निम्ति खासगरि उत्पीडित नेपाली जनताको पक्षमा संविधान बन्न सकेन र यसको विरोध भइरहेको छ र यस कुरामा निर्माता पक्षकै नेताहरूको पनि स्वीकारोक्ति छ । यस अर्थमा अहिलेसम्म देशमा शान्ति स्थापित हुन नसक्नुको मुख्य कारण संविधान नै हो । निर्माताहरूले पनि अहिलेसम्म संविधान कार्यान्वयन गर्न नसक्नुको पछाडि पनि यहि नै प्रमुख कारण रहेको छ । ठूला दलका नेताहरूको सिण्डिकेटले पहिलो संविधानसभामा नै सकारात्मक सोच जन्मिदिएको भए अहिले जस्तो भाँडभैलोको स्थिति आउने थिएन । यो संविधान कसैगरि कार्यान्वयन गरियो भने पनि यसको आयु लामो हुने छैन । त्यसैले सर्वमान्य नभए पनि व्यापक र राष्ट्रिय सहमति निर्माणको निम्ति यो पश्चगामी संविधान खारेज गरी जनगणतान्त्रिक प्रकृतिको संघीय संविधान निर्माण गर्नु नै अग्रगामी पाइला हुन सक्दछ ।

# भारतीय प्रा.साइबाबाको आजीवन कारावासको चौतर्फी विरोध

*दिल्ली विश्वविद्यालयका प्राध्यापक जि.एन साइबाबा, पत्रकार प्रशान्त राही, विद्यार्थी नेता तथा कालाकार हेम मिश्रालगायत ५ जनालाई भारतीय अदालतले भाकपा (माओवादी) लाई सघाएको भन्दै यही मार्च ७ तारिखका दिन आजीवन कारबासको सजाय तोकेपछि यसको अन्तर्राष्ट्रिय स्तरमै विरोध भएको छ र अदालतको यो निर्णय, यथार्थका आधारमा भन्दा पनि भारतीय जनता पार्टी र आरयसयसको निर्देशनमा भएको भनेर सो निर्णयको सर्वत्र  निन्दा गरिएको छ। प्राध्यापक साइबाबालाई नेपाल तथा श्रीलङ्काका माओवादीहरूसित समेत सम्बन्ध रहेको भनी अभियोग लगाइएको छ।*

*'ह्विल चेयर प्राध्यापक'का रूपमा परिचित अपाङ्ग प्राध्यापक साइबाबाको विषयलाई लिएर विभिन्न बौद्धिक समुदाय, मानवअधिकारवादी संस्थाहरू, प्राध्यापकहरू तथा फिलिपिन्स कम्युनिस्ट पार्टीका संस्थापक सदस्य तथा 'इन्टरनेस्नल लिग अफ पिपुल्स स्ट्रगल (आइएलपिएस)'का अध्यक्ष प्रो. जोसे मारिया सिसोनले पनि वक्तव्य प्रकाशित गरी सो निर्णयको निन्दा गरेका छन्।*

## साइबाबाको रिहाइको लागि कवि वरवर रावको माग



हालै भारतीय फासिवाद सम्बद्ध महाराष्ट्रको अदालतले आफ्नै नियम कानुनसमेत मिचेर अपाङ्ग प्राध्यापक जि.एन साइबाबासहित ५ जनालाई भाकपा ( माओवादी) सित जोडेर गरेको आजीवन कारावासको फैसलाको विश्वव्यापी रूपमा विरोध भइरहेको आवस्थामा बहुचर्चित क्रान्तिकारी कवि, माओवादी विचारक तथा 'क्रान्तिकारी जनतान्त्रिक मोर्चा' का अध्यक्ष वरवर रावले फैसलालाई प्रायोजित र क्रान्तिकारी विचार राख्नेहरूमा आतंक उत्पन्न गर्न गरिएको फैसला भनेका छन्।

आरडिएफ आम जनता, प्रजातान्त्रिक संस्थाहरू, विभिन्न व्यक्ति तथा जनसङ्गठनहरू र राजनीतिक पार्टीहरूसित, 'अनलफुल एक्टिभिटिज प्रिभेन्टिभ एक्ट' मातहत गाड्चिरोली महाराष्ट्रको अदालतले प्रो. जि.एन. साइबाबा, हेम मिश्रा, प्रशान्त राही, महेश तिर्के, पाण्डु नरोटे र विजय तिर्केमाथि लगाइएको भन्दै उनीहरूको रिहाइको माग गरेका छन्।

**सरकारको निर्णयविरुद्ध वसन्था कुमारी अदालत जाने**

प्राध्यापक साइबाबाकी जीवनसाथी वसन्था कुमारीले वक्तव्य जारी गर्दै साइबाबाविरुद्धको यो निर्णय सरकारद्वारा निर्देशित भएकाले यसका विरुद्ध सर्वोच्चमा जाने र यस किसिमको फैसलाका विरुद्ध व्यापक अभियान चलाउने कुरा व्यक्त गरेकी छन्।

भारतीय अनलाइन पत्रिका 'फस्ट पोस्ट' लाई अन्तवार्ता दिँदै गाड्चिरोली अदालतको निर्णय निर्देशित र प्रायोजित भएको, आदालतले जबर्जस्ती माओवादी पार्टीसित जोडे पनि कुनै पनि आधिकारिक प्रमाण नभएको र यस किसिमको निर्णयमा सत्ताधारी पार्टी भारतीय जनता पार्टी तथा आरएसएसको भूमिका रहेको कुरा उल्लेख गरेकी छन्। वसन्थाले मानवअधिकारवादीहरू, प्रजातान्त्रिक संस्थाहरू तथा बुद्धिजीवीहरूलाई अपाङ्ग प्राध्यापकमाथि गरिएको अमानवीय निर्णयका विरुद्ध आवाज उठाउन पनि अपील गरेकी छन्

**सीआरपीपीद्वारा पक्राउको निन्दा**

यता राजबन्दी रिहाइसम्बन्धी कमिटी 'कमिटी फर दि रिलज अफ पोलिटिकल प्रिज्नर्स' (सिआरपिपी) ले एक वक्तव्य जारी गरी 'साइबाबा, प्रशान्त राही, हेम मिस्रा, महेस टिक्की, पान्डु नरोतेलाई लगाइएको अभियोगको निन्दा गरौं !, राजनीतिक विचारलाई अपराधीकरण गर्ने, फरक विचारलाई दबाउने निर्णयको भर्त्सना गरौँ !,  प्रजातानित्रक हक उपयोगका लागि सङ्घर्ष गरौ ! भन्दै  अपिल जारी गरेको  छ। संस्थाका अध्यक्ष सार. गिलानी, महासचिव अमित भट्टाचार्यसहितले  आठ मार्चमा जारी वक्तव्यमा प्रजातान्त्रिक मूल्यविरुद्ध भएको फैसलाका विरुद्ध चौतर्फी आवाज उठाउन पनि आह्वान गरेको छ।

**साइबाबाको कारावासको निर्णय दलितहरूमाथिको दमन–आइएलपिएस**

इन्टरनेसनल लिग अफ पिपुल्स स्ट्रगल (आइएलपिएस) का अध्यक्ष प्रो. जोसे मारिया सिसोनले वक्तव्य जारी गर्दै भनेका छन्, "हाम्रो संस्था प्राध्यापक साइबाबा तथा अन्यमाथि लगाइएको यस किसिमको चार्जको जोडदार रूपले निन्दा गर्छ र भारत र  विश्वभरिका उत्पीडित जनतासित यसका विरुद्ध आवाज उठाउन आह्वान गर्छ। साइबाबाको अपराध भनेको उनले दलित र आदिवासीहरूको पक्षमा आवाज उठाउनु हो। उनले 'अपरेसन ग्रिन हन्ट' का नाममा भारतका आदिवासी तथा दलितहरूमाथि भएको दमनको विरोध गरेका कारण भारतीय फासिवादी सरकारले यस किसिमको निर्णय गरेको हो भन्दै यसको चौतर्फी विरोध गर्न पनि आहवान गरेका छन्।

## यस्तो छ अपिलको पूर्ण पाठ :

**आमजनता, प्रजातान्त्रिक संस्थाहरू, विभिन्न व्यक्ति तथा जनसंगठनहरू र राजनीतिक पार्टीहरूमा अपील**

'अनलफुल एक्टिभिटिज (प्रिभेन्टिभ) एक्ट' मातहत महाराष्ट्रको गाड्चिरोली अदालतले प्रो. जि.एन. साइबाबा, हेम मिश्रा, प्रशान्त राही, महेश तिर्के, पाण्डु नरोटे र विजय तिर्केमाथि लगाइएको अभियोगका विरुद्ध उहाँहरूको रिहाइको मागका लागि व्यापक संयुक्त प्रजातान्त्रिक आन्दोलनको उठान गरौँ, कुख्यात अधिनियम 'अनलफुल एक्टिभिटिज प्रिभेन्टिभ एक्ट' को खारेजीका लागि सङ्घर्ष गरौँ !

'क्रान्तिकारी जनतान्त्रिक मोर्चा' भारतीय कम्युनिस्ट पार्टी (माओवादी) को भातृ सङ्गठन होइन र यो दिल्ली, महाराष्ट्र र अन्य राज्यमा प्रतिबन्धित संस्था पनि होइन।

महाराष्ट्रको गाडचिरोली सेसन अदालतले ७ मार्च २०१७ का दिन सशस्त्र प्रहरीको व्यापक तैनाथीका बीच प्रो. साइबाबा लगायत अन्य पाँच जनाका विरुद्धमा आफ्नो फैसला सुनाएको छ। फैसला सुन्न जनसमुदाय  उपस्थित हुने हल एके ४७ जस्तो उच्च प्रविधियुक्त हतियार  बोकेका बर्दीधारी प्रहरीले खचाखच भरिएको थियो। प्रतिवादीका तर्फबाट घरपरिवारका पनि केही सीमित व्यक्तिलाई मात्र उपस्थित हुन इजाजत दिइएको थियो।

न्यायाधीशले दिनको ३ बजे अभियोग सम्बन्धी फैसला सनाए र ५ बजे ८२७ पृष्टको अङ्ग्रेजी भाषाको फैसला प्रतिवादी वकिल तथा सम्बद्ध पक्षका हात पारिदिए। प्रो. साइबाबाका लागि औषधी तथा फलफूल आदि लगायत अन्य चिजको व्यवस्थाका लागि समय माग्दा पनि जेल व्यवस्थापन अधिकारीले सबै कुराको चाँजो मिलाउँछन् भनेर इन्कार गरियो। प्राध्यापक साइबाबा विरुद्धको पूर्वाग्रहपूर्ण फैसला पहिले नै तय गरिएको फैसला थियो भनेर सहजै बुझ्न सकिन्छ। फैसलामा भनिएको छ' जि.एन. साइबाबा ९० प्रतिशत अपाङ्ग भए पनि मानसिक रूपमा उनी तन्दुरुस्त छन्।'

वास्तवमा नागपुरको उच्च सुरक्षायुक्त  केन्द्रीय कारावासको गोलघरमा निरन्तर अढाई वर्षभन्दा बढीको निर्वासनले साइबाबाको स्वास्थ्य एकदमै खराब भएको थियो। स्वास्थ्यका कारण बीचमा केही महिना जमानतमा रिहाइ भए पनि उहाँले  बाहिर नबसी अधिकांश समय हैदरावाद र दिल्लीका अस्पतालका ओछ्यानमा बिताउनु परेको थियो। यस किसिमको अवस्थामा पनि उहाँले दिल्लीदेखि गाडचिरोलीको हजारभन्दा बढी माइल तारिख लिन धाउनु पर्थ्यो। उहाँको मुद्धाको फैसला सुनाउनु एक दिनअघि पनि उहाँ छाती दुखेका कारण अस्पतालमा भर्ना हुनुभएको  थियो । त्यतिबेर आमासयको भोजननली काम नलाग्ने  अवस्थामा पुग्न लागेको र तीन महिनापछि अपरेसन गर्नुपर्छ भनेर डाक्टरले भनेको थियो। डाक्टरले लामो यात्रा नर्गन र आरा गर्न पनि सल्लाह दिएको थियो।

हेम मिश्रको मुद्दा पनि फरक किसिमको मुद्दा हो। बल्लार्सामा उनको गिरफतारी हुँदा उनी आफ्नो मर्केको हातको इलाजका लागि गाडचिरोली जिल्लाको प्रकाश आम्ते हस्पिटलमा जाँदैथिए। अरू ६ जनाभन्दा उनलाई बढी लामो समयसम्म जेलमा राखियो। प्रसान्त राहीसँगै उनलाई पनि एक महिनासम्म गैरकानुनी किसिमले हिरासतमा राखेर निर्मम यातना दिइयो।

तीनजना आदिवासीहरूमाथि प्रहरीले हिरासत तथा जेलमा दिएको यातना, अपमान र गैरकानुनी व्यवहारको त कुरा गरी साध्य छैन।

यस किसिमको फैसलामा भाकपा (माओवादी) को विचार,  कार्यक्रम र  दृष्टिकोण पनि जोडिएर आएको छ। खास  कुरा के हो भने ८२७ पृष्टको फैसलामा अभियोगलाई पुष्टि गर्ने कुनै आनुनी आधार प्रस्तुत गर्न सकिएको पाइदैन।

फैसलाले दोहोर्याईदोहोर्याई यी मान्छेहरू प्रतिबन्धित भाकपा (माओवादी) का सदस्यहरू हुन्, यिनीहरू पार्टीको सम्पर्कमा थिए र रहरिहन्थे भनिएको छ। जहाँसम्म सदस्यताको कुरा छ, यो सम्बन्धलाई मात्र लिएर आजीवन कारबासको सजाय दिनु कुनै पनि किसिमले उचित ठहर्दैन। यो अरूप भुइँयासित सम्बद्ध सुप्रिम कोर्टको फैसला तथा न्यायाधीश मार्केण्डयको फैसला विपरीत छ। यी दुवै फैसलामा कुनै पनि प्रतिबन्धित सङ्गठनको विचार राख्दैमा अथवा सदस्यता ग्रहण गर्दैमा कुनै हिंसात्मक गतिविधिमा संलग्न नभएसम्म भारतीय दण्डसंहिता अनुसार अपराध मान्न सकिँदैन। सेसन कोर्टले प्रतिवादीका वकिलबाट प्रस्तुत यो नजिरलाई सुन्यो  र  पढ्यो पनि, तर यो सन्दर्भ यहाँ लागू हुँदैन भनेर यसलाई खारेज गरिदियो। साथसाथै त्यो फैसलाले भाकपा (माओवादी) सँगै 'क्रान्तिकारी  प्रजातान्त्रिक मोर्चा' लाई पनि प्रतिबन्धित संस्था ठहर्याउँदै साइबाबा यो संस्थाको सक्रिय सदस्य रहेको भनिएको छ।

पहिलो कुरा, आरडिएफ भाकपा (माओवादी) को भातृ सङ्गठन होइन।  यसको स्थापना  २००५ मा भएको थियो र यसको पहिलो सम्मेलन २०१२ मा भएको थियो  र २०१३ मा अविभाजित आन्ध्र प्रदेशमा 'पब्लिक सेक्युरिटी एक्ट' अन्तर्गत यसलाई प्रतिबन्धित गरिएको थियो। यो निर्णयका विरुद्ध आन्ध्र उच्च न्यायालयमा रिट दायर गरिएको थियो। यसका लागि उच्च न्यायालयमा तीन सदस्यीय बेन्चको आयोजना गरे पनि यसको  सुनुवाइलाई अगाडि बढाउने काम भएन। यो अहिले पनि आन्ध्र प्रदेश उच्च न्यायालयमा विचाराधीन छ।

ओडिसामा २००६ मा आरडिएफमाथि प्रतिबन्ध लगाइएको थियो र यसका विरुद्ध  आरडिएफका कार्यकारी सदस्य दण्डपाणि महन्थीले न्यायालयमा रिट दायर गर्नुभएको थियो । केही दिनअघि मात्र उच्च न्यायालयले दण्डपाणि महन्थीले दायर गरेको रिटमाथि सुनुवाइ गर्न निर्देशन जारी गरेको थियो। यो ओडिसामा सुनुवाइकै क्रममा छ।

यो संस्था 'युएपिए' अन्तर्गत १२४ दफा अनुसार प्रतिबन्धित भएको छैन। न त यो महाराष्ट्रमै प्रतिबन्धित छ, न त दिल्लीमा नै, जहाँ  जि.एन. साइबाबा, हेम मिस्रा रहने गर्छन्। अन्य राज्यमा पनि यो प्रतिबन्धित छैन।

सेतो रङ्गका माओवादीहरू पहिलोचोटि दण्डित भए र यो बाहिर बसेर माओवादीलाई समर्थन गर्ने बुद्धिजीवीहरूका लागि पनि राम्रो सन्देश हो भनेर सरकारी अभियोजकले फैसलाप्रति आफ्नो धारणा व्यक्त गरेका छन्। यस्तो छ राज्यको मानसिकता। त्यसैले यो कानुनको आधारमा गरिएको फैसला नभएर राज्यका व्यवहारप्रति फरक धारणा राख्नेहरूप्रति पूर्वाग्रहका साथ गरिएको निर्णय हो भनेर जो कोहीले  पनि निष्कर्ष निकाल्नु  स्वाभाविक छ।

वास्तवमा यस किसिमको फैसलाले, आरडिएफले राख्दै आएको धारणा, जनताको क्रान्तिकारी आन्दोलनबाट प्राप्त प्रजातन्त्रमा मात्र सही अर्थको प्रजातन्त्रको अनुभूत गर्न सकिन्छ भन्ने कुरालाई स्थापित  गर्छ।

त्यसैले, आरडिएफ आमजनता, प्रजातान्त्रिक संस्थाहरू, विभिन्न व्यक्ति तथा जनसङ्गठनहरू र राजनीतिक पार्टीहरूसित,  'अनलफुल एक्टिभिटिज प्रिभेन्टिभ एक्ट' मातहत गाड्चिरोली महाराष्ट्रको अदालतले प्रो. जि.एन. साइबाबा, हेम मिश्रा, प्रशान्त राही, महेश तिर्के, पाण्डु नरोटे र विजय तिर्केमाथि लगाइएको अभियोगका विरुद्ध रिहाइको मागका लागि व्यापक संयुक्त प्रजातान्त्रिक आन्दोलनको उठान गरौँ,  खुँखार अधिनियम 'अनलफुल एक्टिभिटिज प्रिभेन्टिभ एक्ट' को खारेजीका लागि सङ्घर्ष गरौँ, भनेर अपिल अपिल गर्दछ।

कुख्यात अधिनियम 'अनलफुल एक्टिभिटिज प्रिभेन्टिभ एक्ट'को विरुद्ध पनि संघर्ष गरौँ !


**बरबर राव**
**अध्यक्ष, क्रान्तिकारी जनतान्त्रिक मोर्चा**

## सामाजिक सञ्जाल



मरेपछि पनि बिभेद! ६ बर्ष अघि क्व्य द्वारा मारिएका बाशुदेव साह को छालाको रंग कालो भएर होला न उनलाई सहीद घोषणा गरियो न कुनै छतिपूर्ति !

*– अनसुमन*



पारिबाट हाम्रो माटोमा आएर हाम्रै मान्छे मारियो। दिल्लीको दूत भन्छ,गोली चलाको छैन। लैनचौर दरबारलाई प्रश्न- के हावाले चलायो त गोली ?

*– खगेन्द्र संग्रौला*



*नारायणी तटमा आमसभा गर्यौ, अब एकपटक महाकाली तटमा आमसभा गरेर महाकाली हाम्ले बेचेको होइन भन्देउ ओलि अनी मानौला तिम्रो राष्ट्रबादलाई ! – सुमन नेपाली श्रेष्ठ*




एउटा यस्तो देश, जहा' जनताहरू रंग दलेर रमाउँछन् र नेताहरू रंग बदलेर रमाउँछन् !!

*– ईश्वर ढकाल*



सप्तरीको दुखाई सुम्सुम्याउन नभ्याउँदै कञ्चनपुर दुख्यो। कञ्चनपुरको सहनै नसक्ने दुखाईले पोलिरहँदा जाजरकोट दुख्यो। जाजरकोट समेत दुखिरहँदा सिंहदरबारमा नयाँकोट मुस्कुरायो। थुक्क...

*– मिलन तिमल्सिना*



म पनि राष्ट्रवादी हुँ। तर, राष्ट्रवादको नाममा मधेश र मधेसीलाई घृणा गर्ने कार्य कदापी स्विकार्य छैन। नेपाली(नेपाली बीचमा फुट ल्याउन पाइन्न।

*– बलिहाङ्ग*




देशमा अस्तव्यस्त र भाँडभैलो मच्चाएर लुट्न पल्केका कथित विशिष्ट जस्तै महान् क्रान्तिकारी विप्लवले पनि नेपाल बन्द गराएर साझा बस जलाएछन्। कामरेडहरू हिम्मतिला हुन्, सौताको रिसले पोइको काखमा... गरेजस्तो। सत्तामा बसेर पनि देशलाई नोक्सान, अनी सत्ताबाहिरबाट पनि, के छ हौं तिमीहरूमा फरक चाँहि... *– केशरमणि कटुवाल*




नेपाली नेता कति अदुरदर्शि छन् भने कुराको जोलन्त नमूना हो एमाले....आफुले थालेको अभियानको असर के हुन्छ भनेर २ दिन पछीको अबस्था त था नपाउने बज्रस्वाठ नेताले देश को बिकास गर्छन्...भनेर तिन्को पछि कुद्नेहरूप्रती दया लागेर आउँछ..३कठैहामी

*– प्रकाश कँडेल*



जनता आहत हुँदा देशभर खुसीयाली मनाउँदै हिँड्नेहरू राष्ट्रवादी हुने देशको अनागरिक हुँ म किनकी कञ्चनपुरमा देश दुख्दा सिंहदरबारमा उत्सव चल्छ।

*– अल्टर कान्छो (O+ive)*



नेता विलासी गाडी चढ्छन !

सर्वसाधारण र कार्यकता आखिर चढ्ने तेही सार्वजनिक बस नै हो!

किन हान्छौ आफ्नै खुट्टामा बन्चरो,तिनको गाडीका लागि?! *– जुँगे बोहोरा*



संसारमा सबभन्दा झुटो अड्डा @IndiaInNepal हो। तर झुट बोल्न नि तरिका चाहिन्छ। पोहोर नाकाबन्दीमा नाङ्गिएको झुट कञ्चनपुर काण्डमा पुनरावृत्ति।

*– दी ईन्द्र*

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# बेइमान, उपद्रयाहा छिमेकी

❑ पुन्य कार्की

मेरो राष्ट्र यतिखेर एउटा बेइमान, उपद्र्याहा छिमेकीको थिचोमिचोबाट सताइएको छ । यो छिमेकी विवेकमा विश्वास गर्दैन, वलमिच्याइमा विश्वास गर्छ । अरुको सम्प्रभूतामा विश्वास गर्दैन, आफ्नै मूढेबलबुतामा विश्वास गर्छ । ऊ छिमेकीको स्वतन्त्र नागरिक हुने हकमा विश्वास गर्दैन, आफ्ना खुनी नङ्ग्रामा विश्वास गर्छ । यसले इतिहासका विभिन्न कालखण्डमा अपमानपूर्ण ढंगले असमानसन्धि सम्झौताहरू लादेर हाम्रा नदीनालाहरूको पानी आफ्ना भागमा पारेन कि, कोशी सम्झौता, गण्डक सम्झौता, महाकाली सम्झौता गरेर नदीमाथिको हाम्रो सार्वभौम प्राकृतिक अधिकारलाई एकतर्फी रूपमा छिनेन कि, के गर्न बाँकी राख्यो र ? ऊ खुर्दलोटन र लक्ष्मणपुरमा बाँध कस्छ अनि हजारौ हेक्टर नेपाली जमिन जलमग्न बनाउँछ । सिमानाका नेपालीहरू डुबानमा परेर आँसु झार्दा ऊ आनन्दको कित्‌कित्‌ हाँसो हाँस्छ । परपीडनमा रमाउने यो छिमेकी नदीको पानीमा मात्र होइन मन्दिरको पुजारीसम्म राल काढ्छ । ऊ आफूलाई मालिक र नेपाललाई रैतान ठान्छ । कुनै अड्डाले मातहातको कार्यालयमा कारिन्दा खटाए जस्तो दिल्लीबाट यँहाको पशुपतिनाथमा पुजारी खटाउँछ । यँहाको आन्तरिक राजनीतिमा उतारचढाव आउँदा साउथब्लकले विशेष दूत पठाउँछ । हामी यसरी दिनदिनै यो छिमेकीका अगाडि निरीह बनाइँदै छौँ । मानौँ ऊ गोटी चाल्ने हात हो अनि हामी चेसका प्यादा बनाइँदै छौ ।

ऊ कालापानीमा सेना थुपार्छ । जङ्गेपिलर रातारात उखलेर सिमाना उत्तरतिर सार्छ । कहिले सुस्तामा सुसेली हाल्छ, कहिले मानेभन्ज्याङ्गमा झण्डा गाड्छ । कहिले महेशपुरमा मान्छे कुट्छ । कहिले पशुपतिनगरमा बुट बजार्छ ।

आफ्ना पाठ्यपुस्तकहरूमा, आफ्ना नानीले पढ्ने सामान्य ज्ञानहरूमा ‘हमरा उत्तरका सिमना हिमालय पर्वत है’ रटाउँछ । लाखौँ नेपालीलाई मणिपुर, नागाल्याक, आसाम र इम्फालका जंगलमा घाँस कटाँउछ । ऊ आफ्नो देशको एटलसमा दसगजाको सीमारेखो मेटेर नेपाललाई आफ्नै देशभित्र मिलाउँछ । ऊ यहाँका नेता किन्छ ऊ यहाँका पार्टी किन्छ र सबैलाई भाट बनाउन भरमग्दूर कोसिस गर्छ । ऊ यहाँको भाषा मासेर हिन्दी रटाउँछ । ऊ यहाँको माटो हडप्न उतैको नून चटाउँछ ।

ऊ आफ्नो खेत खनेर अशोक स्तम्भको नक्कली मूर्चल गाड्छ । पुराना इँटालाई खाडलमा पुरेर कृत्रिम लुम्बिनीको खण्डहर तयार तयार गर्छ । त्यसपछि मिडियाहरूमा ‘बुद्ध हमरा देशका है’ ‘लुम्बिनी भारतीय भूमिमा है’ को डंका पिटाउँछ । एमआरपीको ठेक्का लिएर ऊ नेपाल र नेपालीका भित्री आन्द्राभुँडी पढ्न खोज्छ । ऊ हरेक दिन करेली, लगाम र जिलकाँटी कसेर ढाडमा नै चढ्न खोज्छ ।

ऊ सुरसाको जस्तो मुख बाएर हर्दम हाम्रा सम्पदा निल्न खोज्छ । हामीलाई ठाँउ कुठाँउ चिल्न खोज्छ । अनि हाम्रो आङको मासु छानीछानी छिल्न खोज्छ । छिल्दैछ यो कहिले टिङ्करमा छिल्छ, कहिले टनकपुरमा छिल्छ, कहिले जनकपुरमा छिल्छ । हाम्रा फुचुमुने नानीहरू ले गुच्छा खेल्ने चौरीमा काँढेतार लगाउँछ । कहिले तेस्रो मुलुकबाट ल्याएको सामानमा गजबार लगाउँछ । नसक्नुको सतमूल्याहा छिमेकी हो यो हाम्रो ।

आफ्नो देशको डँढेलोको चिन्ता छैन उसलाई अर्काको देशको अँगेनाको आगो मार्न हतियार पठाँउछ । यहाँका गरिखाने कुल्लीदरबान मजदुरलाई त के सभासदलाई समेत हाक्काहाकी ज्यान लिने धम्की पठाउछ । हाम्रो पानी लान्छ ऊ र हामीलाई तातो वगरमा सुकाउँछ । ऊ कौडीको दाममा हाम्रो धान लग्छ र हामीलाई महंगो चामल पठाँउछ । हाम्रो तोरी लान्छ र हामीलाई तेलबजारका ग्राहक तुल्याउँछ । हाम्रो भटमास लान्छ हामीलाई स्वायविनका खोस्टा पठाउँछ । हाम्रो सिन्कौली लगेर हामीलाई दालचिनी र बाह्रमसला चटाउँछ । ऊ अति चलाख छ सस्तो दाममा रिठ्ठा लान्छ र महंगो दाममा हामीलाई सावुन बेच्छ हाम्रो सनपाट लगेर हामीलाई धोक्रा बेच्छ । हाम्रो हात्तीबार लगेर हामीलाई डोरी पठाँउछ । हाम्रो चुरे र महाभारत पर्वत शृङ्खला बेरोकटोक उधिनेर दिनको हजारौ ट्रक गीटी वालुवा, ढुङ्गा लगेर ऊ पीच रोड बनाउँछ, हामीलाई बाढी, भूक्षयं र मरुभूमिको दलदलमा डुबाउँछ । हाम्रा सखुवा लगेर ऊ रेलवेको पटरी बनाउँछ । हाम्रो देशलाई दिनदिनै खण्डहरमा रूपान्तरण गर्दैछ हाम्रो छिमेकी । यहाँको चिराइतो, लौँठसल्ला, जटामासी र हजारौँ जातका बहुमूल्य जडीबुटी पत्रुको दाममा लगेर महंगो औषधि बनाएर यहाँ निर्यात गर्छ । हाम्रो लाइमस्टोन लगेर ऊ यहाँ सिमेन्टको बजार विस्तार गर्छ । सित्तैमा भने जस्तो बाबियो लान्छ र महंगो दामको कागज यहाँ पठाउँछ । आलु लान्छ चिप्स बनाएर पठाउँछ ।

यो धुन्दुकारी छिमेकीले नेपाललाई कहिले आत्मनिर्भर बन्न दिदैन । यो हामीलाई स्वावलम्वी बनाउन सिकाउँदैन, उल्टो परालम्वी परामुखापेक्षी र परजीवी बनाउन खोज्छ । हामीपनि आलस्यको दास भएर यसकै इसारामा यसकै लैलैमा हिँडिरहेका छौँ । स्वाभिमान र स्वावलम्वनको यात्रा ठमठम्ती हिँड्न सकेका छैनौँ । आफ्नै वलवुतामा सिर्जना र पौरख गरेर स्वावलम्वी बन्नुपर्ने ठाउँमा उसकै वस्तुका सुताहा उपभोक्ता बनिरहेकाछौँ । हामी नजाग्ने हो भने नजाने कति युग सम्म उसकै आशापिशामा बाँच्ने दास भैरहनु पर्छ ।

उसले हाम्रो दाना छिनेर हामीलाई कनिका छरिरहेको छ । त्यही कनिकामा लोभिने चल्ला भएका छौँ । स्वाभिभान र आत्मनिर्भरता वेगरको केवल हल्लामा सीमित राष्ट्रबाद भएका छौँ । यसरी हामी सही गन्तव्यमा कहिल्यै पुग्न सक्तैनौँ । उत्पादनको, सृजनाको, पौरखको, आत्मनिर्भरताको नाउँमा नचढी हामीले उठाउने राष्ट्रियताको आवाजलाई उसले सधैँ कुरीकुरी गरिरहन्छ । हामी इतिहासमा जाग्नुपर्ने घडी आएको छ । त्यो उत्पीडनको विरुद्धमा, त्यो अपमान र पीडाँको विरुद्धमा । जसले कहिल्यै पनि हामीलाई एक स्वतन्त्र स्वाभिमानी र सार्वभौम राष्ट्र हुन दिएन । उसका अगाडि हामी लुते र निरीह हुनुका पछाडि हाम्रापनि गम्भीर कमीकमजोरीहरू छन्, ती कमजोरीहरूलाई नहटाइ हामी सार्थक दिसा समात्न सक्तैनौँ । इतिहासको यस घडीमा ती कमजोरीलाई पनि उधिन्ने बेला आएको छ ।

अन्तिममा दुईजना कविका कविताांशबाट यो लेखनी बिसाउछु :-

*हरियो घाँसमा आगो झोस्छ र*
*आन्तरिक मामिला खोस्छ*
*यताका नानीहरूको भाग लिएर*
*उताका तिघ्रेहरूलाई पोस्छ*
*हिउँदमा सबै पानी थुनेर*
*हस्तक्षेपकारी भूमिकाले सोस्छ ।*
*ढुङ्गाले दुवोलाई झैँ किच्छ*
*वलत्कारीले नारीलाई थिचे झैँ थिच्छ ।*

(रामविक्रम थापा)

*........तर प्रत्येक दिन*
*मक्किएको सन्धिको ठुटोमा बास बसेर*
*निरन्तर हाम्रो अभियानलाई टोकिरहन्छन्*
*दिल्लीका मच्छरहरू ।*

*मधेशको गर्मीमा मात्र होइन*
*हिउँले ढाक्ने चीसा लेकहरूसम्म*
*बेग हानेर पुग्ने योजना कोर्छन् उनीहरू*
*स्वाभिमानको एक झप्को निद्रा*
*सुत्न पनि दिँदैनन्*
*आत्मसम्मानको एक झल्को सपना*
*देख्न पनि दिँदैनन्*
*हामी लिपुलेखबाट*
*एकजोडा सेता परेवाहरू उडाउन खोज्छौँ*
*उनीहरू हाम्रा परेवाका प्वाँखमा*
*विषालु सुँडहरूले चिल्छन् ।*

(मातृका पोखरेल)

# अल्टिमेटम सकिनासाथ महासंघको केन्द्रमा तालाबन्दी

काठमाडौं । पटक पटकको माग सुनुवाइ नभएपछि माग सम्बोधनका लागि क्रान्तिकारी पत्रकार महासंघले नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यालयमा शुक्रबार अनिश्चितकालीन तालाबन्दी गरेको छ । महासंघका अध्यक्ष इन्द्र राउतको नेतृत्वमा गएको पत्रकारहरूको टोलीले २४ घण्टे अल्टिमेटमको समयसीमा भित्र माग पूरा नभएपछि तालाबन्दी गरेको हो । क्रान्तिकारी पत्रकार महासंघका नेताहरूले बिहीबारमात्र महासंघका अध्यक्ष डा. महेन्द्र विष्टलाई भेटेर माग पूरा गराउन २४ घण्टे अल्टिमेटम दिएका थिए । क्रान्तिकारी पत्रकार महासंघले जिल्ला/प्रतिष्ठान तथा एशोसियट शाखाहरूको अधिवेशनपूर्व नै देशैभरका शाखाहरूबाट सिफारिश गरिएका तथा स्वीकृत गरिएका नयाँ सदस्यहरूको नाम सार्वजनिक गर्न, एक स्वतन्त्र र अधिकार सम्पन्न छानविन आयोग बनाई निष्क्रिय र पेशामा नरहेका पत्रकारहरूको सदस्यता खारेज गर्न गरेको माग पूरा नगरेको, अधिकांश संगठनहरूको अस्तित्व र प्रतिनिधित्वलाई निषेध गरेको, नेपाल पत्रकार महासंघ छाता संगठन बन्न नसकेको, र बाँकी रहेका उपत्यका र प्रतिष्ठानहरूमा पनि महासंघको नेतृत्वले आफ्नो हैसियतको दुरूपयोग गर्दै अनधिकृत रूपमा गैर पत्रकारहरूलाई भर्ती गर्ने, एउटा शाखामा खारेजीमा परेका सदस्यहरूलाई अर्को शाखामा रातारात स्थानान्तरण गर्ने, नक्कली सदस्यहरू खडा गर्ने, अस्तित्वमै नभएका प्रतिष्ठानहरू खडा गर्ने र अनेक तिकड्म र जालसाजी गरी आफ्नो बर्चस्व स्थापित गराउन खोज्ने गतिविधिहरू देखिएको भन्दै तालाबन्दी गर्नुपरेको जनाएको छ ।

अमूक संगठनहरूको सिन्डिकेट राजनीतिले महासंघलाई केही चल्तापूर्जा र खाइ पल्केकाहरूको वपौतीको रूपमा स्थापित(बद्नाम) गराइदिएको र, अहिले महासंघ कब्जा गर्न तिनै खाइपल्केकाहरूबीच होड चलेको भन्दै अन्य पार्टी निकट पत्रकारहरू र स्वतन्त्र श्रमजीवि पत्रकारहरूलाई महासंघमा अघोषितरूपले निषेध गरिएको आरोप लगाएको छ । पत्रकार महासंघको विधानले व्यवस्था गरेबमोजिम योग्य हुँदाहुँदै पनि आस्थाको आधारमा सदस्यता लिनबाट ठाउँ ठाउँमा बञ्चित गरिएको छ । आफू अनुकूल मापदण्ड, समयसीमा तोक्ने र भागबण्डा गरेर नयाँ सदस्यहरू(गैर पत्रकारहरू)को भर्ती गर्ने खेल भद्दा रूपमा महासंघको विधानविपरीत चलिरहेकै छ । हाम्रो संगठन यस किसिमका गतिविधि तत्काल रोक्न र देशभरका शाखाहरूले नयाँ सदस्यहरूका लागि अपनाएको मापदण्ड र छनौट गरिएका सदस्यहरूको नाम लिस्ट तत्काल सार्वजनिक गर्न जोडदार माग गरेको छ ।

## नेपाली...

सदस्य तथा प्रोपोगान्डा प्रमुख लिउ छिपाओले नेपाल भ्रमण गरेका थिए । सो टोलीपछि नेपाल भ्रमण गर्ने यो नै उच्चस्तरीय टोली हो ।

प्रत्येक महिनाजसो चिनियाँ कम्युनिस्ट पार्टीको प्रतिनिधि मण्डलको टोली नेपाल आए पनि यस किसिमको उच्चस्तरीय टोलीले भ्रमण गरेको थिएन । गत पुसमै तिब्बत जनकंग्रेस प्रमुख बाइमा छिलिनले नेपाल भ्रमण गरेका थिए ।

त्यस्तै अबको महिना चीनका थप दुई उच्चस्तरीय टोलीसमेत नेपाल आउँदै छन् ।

दुई देशबीच भएका सम्झौताको कार्यान्वयन तथा वान रोड वान बेल्ट परियोजनाको विषयमा नेपाल र चीनबीच द्वीपक्षीय संयन्त्रको बैठकको तयारी भइरहेको छ । बैठकमा सहभागी हुन चीनका परराष्ट्र मामिला सम्बन्ध सहायकमन्त्री कोङसुयान्यू नेतृत्वको टोली नेपाल आउन लागेको छ ।

सयान्यु नेतृत्वको टोली चैत ७ गते नेपाल आउने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । परराष्ट्रसचिव शंकरदास वैरागीको औपचारिक निमन्त्रणामा दुईपक्षीय संयन्त्रको बैठकमा सहभागी हुन चिनियाँ टोली नेपाल आउन लागेको हो ।

चीनका राष्ट्रपति सी जिङ पिङले सन् २०१३ मा अगाडि सारेको ओबीओआर परियोजनामा नेपालको सहभागिताको विषयमा समेत छलफल हुने परराष्ट्र मन्त्रालयले जनाएको छ ।

त्यस्तै चैतको दोस्रो साता चिनियाँ रक्षामन्त्री चाङ वाङक्वान नेतृत्वको चिनियाँ प्रतिनिधि मण्डल नेपाल आउँन लागेको छ । चैतको दोस्रो साता रक्षामन्त्री वाङक्वान नेपाल आउन लागेको रक्षा मन्त्रालयले जनाएको छ । भ्रमणका क्रममा उनले आफ्ना समकक्षी खाँणसँग नेपाल चीन रक्षा सम्बन्ध र नेपाली सेनालाई चीनले उपलब्ध गराउने सहयोगबारे छलफल गर्ने बताइएको छ । रक्षामन्त्री खाँणका अनुसार चिनियाँ रक्षामन्त्री नेपाल आउने तय भए पनि उनको भ्रमण तालिका भने चीनले पठाइसकेको छैन ।

दुई देशबीचको संयुक्त सैनिक अभ्यासको तयारीको रूपमा समेत चिनियाँ रक्षामन्त्रीको भेटलाई हेरिएको छ । नेपाल र चीनका सेनाबीच सैन्य अभ्यासको तयारी अन्तिम चरणमा पुगेको अवस्थामा उनले तयारीलाई समेत अवलोकन गर्ने बताइएको छ ।

गत असोजमा चीन भ्रमणमा गएका बेला रक्षामन्त्री खाँणले चिनियाँ समकक्षी चाङलाई नेपाल भ्रमणको निम्तो दिएका थिए । २५ असोजमा बेइजिङमा भेटवार्तामा चीन सरकारले सैन्य र विपत् व्यवस्थापन क्षेत्रमा नेपाललाई थप सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो । उनको नेपाल भ्रमणका अवसरमा सो सहयोगको समेत घोषणा हुने मन्त्रालय स्रोतले जनाएको छ ।

यसैबीच चिनियाँ सेनासँग नेपाली सेनाले पहिलो पटक संयुक्त सैन्य अभ्यास गर्न लागेको छ । सैन्य अभ्यासको तयारीका लागि नेपाली सेनाको युद्धकार्य महानिर्देशनालयका प्रमुख उपरथी विनोद श्रेष्ठ नेतृत्वको टोली बेइजिङ पुगेर चिनियाँ जनमुक्ति सेनासँग सैन्य अभ्यासको मोडालिटीबारे छलफल गरेको छ । भारत, अमेरिकालगायत देशसँग संयुक्त सैन्य अभ्यास गरेको नेपालले अहिलेसम्म चिनियाँ सेनासँग सैन्य अभ्यास गरेको छैन । चिनियाँ रक्षा मन्त्रालयले गत पुसमै नेपालसँग मार्चमा संयुक्त सैन्य अभ्यास हुने घोषणा गरेको थियो ।

चिनिया राष्ट्रपति सी जिङ पिङ्ले वर्ष २०१७ मा नेपाल भ्रमण गर्ने बताइरहेको अवस्थामा यो भ्रमण फलदायी हुन सक्छ । चीनले आफ्ना राष्ट्रपतिलाई नेपाल भ्रमणमा पठाउनु अगाडि नेपालबाट भ्रमणका बेला हुने सहयोग तथा सम्झौताका बारेमा प्रस्ताव चीनले चाहेको छ । तर नेपाल सरकारले भने भ्रमणको योजनालाई प्रस्तुत गर्न सकिरहेको छैन् । राष्ट्रपति सीका विस्वासका पात्रका रूपमा रहेका रक्षामन्त्री वाङक्वानले नेपालको अवस्थाका बारेमा सिधै सीसँग रिपोटिङ गर्ने छन् । उनको रिपोटिङको आधारमा राष्ट्रपति सीको भ्रमण हुने या नहुने भन्ने टुंगो लाग्ने स्रोतले बतायो ।

चिनियाँ राष्ट्रपति सी दक्षिण एसियाका नेपाल र भुटान बाहेक सबै देशमा पुगिसेका छन् । भुटानमा चीनको मामिला दिल्लीस्थित चिनियाँ नियोगले हेर्दै आएको छ । त्यसैले पनि भुटान चीनको प्राथपिकतामा छैन् । यता नेपाल प्राथमिकतामा पर्दा पर्दै पनि सीको भ्रमण भने हुन सकिरहेको छैन् ।

आर्थिक शक्तिको रूपमा उदाँउदै गएको चीनले दक्षिण एसियामा आफ्नो प्रभाव विस्तारका लागि नेपाललाई उपर्युक्त मान्दै आएको छ । चीनमा अध्ययनका लागि गएको पत्रकार वुद्धि शर्मा भन्छन्, ‘नेपाल चीनका लागि दक्षिण एसियामा व्यापार विस्तारका लागि केन्द्र हुन सक्छ, त्यसलै पनि चीनले नेपाललाई प्राथमिकतामा राखेको छ, यसको फाइदा नेपालले लिन सक्नुपर्छ ।’

चीन अझै पनि पर्ख र हेरको स्थितीमा रहेको भन्दै शर्माले त्यसका लागि चीनले नेपालका हरेक गतिविधि गौण रूपमा नियालिरहेको बताए । चीनले चासो र प्राथमिकतामा राख्दा राख्दै पनि नेपाल सरकार र नेपाली राजनीतिक नेतृत्वको भारतीय दलाली प्रवृत्तिका कारण नेपालले फाइदा लिन सकिरहेको छैन् । र चीन सँधै सशंकित हुँदै आएको छ ।


## सप्तरी...

मेहता, पीताम्वर लाल यादव, आनन्द शाह र दिगम्वर यादवप्रति भावपूर्ण श्रद्धाञ्जाली व्यक्त गर्दछ र सबै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ । साथै, हाम्रो पार्टी मृतकहरूका शोक सन्तप्त परिवार जनप्रति पनि हार्दिक समवेदना व्यक्त गर्दछ ।’ विज्ञप्तीमा उल्लेख गरिएको छ, ‘२०७३ फागुन २३ गते एमालेद्वारा अयोजित सभाको कार्यक्रमको सन्दर्भ र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासितको विवादको अवस्थामा प्रहरीद्वारा अन्दाधुन्द गोली चलाई रञ्जन मेहता, पीताम्बर लाल यादव, आनन्द शाह र दिगम्बर यादव सहित चार जना मधेशी मोर्चाका कार्यकर्ताहरूको निर्मम हत्या गरिएको छ र दर्जनौंलाई घाइते बनाएको छ । यस भयावह घटनाले पार्टी स्तब्ध भएको छ ।’

२४ फागुनमा निकालिएको विज्ञप्तीको अन्तमा भनिएको छ, ‘अन्ततः, हाम्रो पार्टी वर्गीय, जातीय तथा क्षेत्रीय सहित सवै विभेद एवम् उत्पीडनको अन्त्यका साथै राष्ट्रियता, जनतन्त्र र जनजीविका समस्याहरूको समाधानार्थ संघीय जनगणतन्त्रको स्थापनाका लागि संघर्षको वाटोमा दृढतातापूर्वक अगाडि बढ्न सबै देशभक्त, जनवादी र वामपन्थी शक्तिहरूसित विशेष अनुरोध गर्दछ ।’

यसैबीच, क्रान्तिकारी माओवादी निकट अखिल नेपाल जनजाति महासंघका महासचिव नगेन्द्र राई र मधेसी राष्ट्रिय मुक्ति मोर्चा (क्रान्तिकारी)का अध्यक्ष रोशन जनकपुरीले पनि विज्ञप्ती निकालेर सप्तरी घटनाको घोर भर्त्सना एवं कडा शब्दमा निन्दा गरेका छन् ।

कविता ✍ हस्तवहादुर केसी



# सलाम छ वीरयोध्दा गोविन्द गौतमलाई



*नेपाली आमाको एउटा आँटी छोरा*
*नेपाली धर्तीको एउटा वीरयोध्दा*
*आफ्नो मातृभूमिको रक्षा गर्दै गर्दा*
*साम्राज्यवादी ( विस्तारवादी लुटेराहरूको*
*चुसाहा मिचाहा हडवकारी हत्याराहरूको*
*अर्काको मातृभूमिको अस्मिता लुट्ने*
*साम्राज्यवादी विस्तारवादी गोमन सर्पहरूको*
*डर धाक धम्कि  गोली गठ्ठाको*
*कुनै प्रबाह नगरि*
*आफ्नो ज्यान भन्दा मातृभूमिको*
*रक्षा गर्नु नै परम कर्तव्य ठानी*
*२०७३ साल फाल्गुन २६ गते*
*कञ्चनपुरको भारतको सिमानामा*
*भारतीय विस्तावादका जल्लादहरूले*
*छाती ताकेर बर्षाईएका ताता गोलीहरूको*
*कुनै वास्ता नगरि*
*विदेशी आक्रमणका विरुध्द*
*छाती खोलेर हजारौ देशभक्त*
*क्रान्तिकारीहरूको साहसी नेतृत्व गर्दै वीर गति*
*प्राप्त गर्ने  महान् देशभक्त वीरयोध्दा*
*यस नेपाली धर्तीका असल सपुत*
*सिंगो नेपाल राष्ट्रका अमर*
*राष्ट्रिय देशभक्त सहिद*
*गोविन्द गौतमलाई*
*लाख लाख लालसलाम*
*हार्दिक श्रध्दान्जली*

*आज मात्र होइन*
*सैयौ वर्ष पहिलेदेखि*
*भारतीय विस्तावादी शासकहरूले*
*लुट्यारो र मिचाहाले*
*हाम्रो प्यारो मातृभूमिमाथि*
*पटक पटक विषालु नङ्ग्राहरू*
*गाड्दै आएको छ*
*सैयौ ठाउँमा समानाहरू*
*मिच्दै आएको छ*
*हजारौ हेक्टर हाम्रो जमीन*
*भारतीय लुटाहा शासकहरूले*
*लुट्दै आएको छ*
*वर्षौ पहिलेदेखि वीर नेपाली जनताले*
*विरोध र भण्डाफोर मात्र होइन*
*रगतको खोलो समेत*
*बगाउदै आएका छन्*
*वीर योध्दा देशभक्त सपुत*
*तिमि गोविन्द गौतमले पनि*
*आफ्ना अग्रजहरूको पंतिमा*
*छाती खोलेर  मुठ्ठी उठाएर*
*आफ्नो मातृभूमिको रक्षा गर्दै गर्दा*
*तिमिले पनि आफ्नो अमूल्य*
*रगत नेपाली धर्तीमा बगाएका छौ*
*गोविन्द तिम्रो यो रातो रगत*
*नेपाली धर्ती रहेसम्म सुकेर जाने छैन*
*हाम्रो देशका शासकहरू*
*साम्राव्यवादीहरू विस्तारवादीहरूका*
*नोकर चाकर गुलाम लम्पसारवादी*
*निकम्मा राष्ट्रघाती जनघाती*
*भएका कारण*
*वीर सहिद गोविन्द गौतम*
*तिमि जस्ता नेपाली आमाका सपुतहरूले*
*देशभक्त क्रान्तिकारीहरूले*
*तिमि जस्तै गरेर अझै पनि*
*यो धर्तीमा यो प्यारो मातृभूमिमा*
*रगत बगाउनु पर्नेबाध्यता बाँकी छ*
*हाम्रो मातृभूमिको रक्षाको निम्ति*
*अमर सहिद गोविन्द*
*हामीले स्वाधिन र नौलो संसार*
*निर्माण नगर्सम्म*
*तिमिले बगाए झै यो धर्तीमा*
*रगत बगाउने कार्य रोकिने छैन ।*

## क्रान्तिकारी...

यसरी हेर्दा यो समुह वा प्रचण्ड अझै पनि सर्वहारा वर्गलाई झुक्याउन मालेमावाद पार्टीको नामका पछाडि माओवादी राखी राख्न चाहान्छन् । वर्गीय विचार, कार्यदिशा र वर्गसंघर्षलाई छाडेर यतिबेला उनीसँग छ भने केबल नाम मात्र छ । मजदुर, किसान, दलित, महिला, आदिवासी, जनजाति, मधेसी, मुस्लीम र उत्पीडित क्षेत्रका जनताको पक्षमा होइन, बरु वर्गवैरीको हितमा नियम कानुन निर्णय गरेर सर्वहारा वर्गले आन्दोलन उठाइहालेमा दमनका निमित्त प्रशस्त मात्रमा वातावरण बनाइरहेका छन् । यो समुह पनि यहि बुर्जुवा लोकतान्त्रिक गणतन्त्रलाई सस्थागत गर्न त्यहि जनविरोधी संविधान लागु गर्न टुप्पीदेखि पैततालासम्मको बल लगाइरहेका छन् । मात्र फरक भनेको नयाँ शक्ति समुहले भित्र जे लागेको थियो, त्यसलाई जस्ताको तस्तै बाहिर ल्याएर आफूलाई इमान्दार बुर्जुवाका रूपमा प्रस्तुत गऱ्यो । एक थरी मानिस जानी-जानी लागेका छन्, एकाथरी अझै पनि भ्रमित भएर त्यसको पछाडी पछाडी दुगुर्दै छन् । क्रान्तिकारीहरूको काम भनेको भ्रममा परेकोहरूलाई भ्रमबाट मुक्त बनाउने र बुझेर सर्वहारा वर्गको घाँटी निमोठ्नेहरूको भण्डाफोर गर्ने हुनु पर्दछ ।

३. **विप्लवको नेकपा–** यो समुह वैचारिक विचलनमा परेको ढुलमुल र अस्थीर समुह हो । यसले रूपमा क्रान्तिकारी देखाउँछ तर सारमा छिटो-छिटो सुधारवादको धार पकड्दै गरेको छ । राजनीतिक कार्यदिशामा अस्पष्टता, फौजी कार्यदिशाको अभाव, विस्तारवाद भन्न छाड्नु, साम्राज्यवादलाई उत्तर साम्राज्यवाद भन्नु जस्ता विषयहरूलाई हेर्दा विप्लव समुह अत्यन्तै केटौले तरिकाबाट अगाडि बढ्दै त छैन ? यस प्रकारको सोचले अन्ततः वर्गसंघर्ष होइन उहाँहरूले भन्दै आएको 'सत्ता शाझेदारी'को वर्ग समन्वयको दिशामा छिटो-छिटो पुऱ्याउँदैछ । तर्क जे दिए पनि बरु उहाँहरूले भर्खरै सम्पन्न गर्नु भएको महाधिवेशनबाट पार्टीको नामको पछाडि माओवादी हटाएर एउटा भ्रम दिने कुराबाट मुक्त हुनु भएको छ ।

यसरी हेर्दा हिजो ०५१ सालको तेस्रो विस्तारित बैठकले तय गरेका नीतिहरू, त्यतिबेला गरिएका प्रतिवद्धताहरू वास्तवमा माओवादीको वैचारिक सिद्धान्तका जगमा टेकेर गरिएका थिए । सर्वहारा वर्गीय क्रान्तिका उक्त सारलाई पकड्नका निमित्त पार्टीको नाममा पछाडी माओवादी राखेका थियौं । आज सामन्तवादको मुख्य प्रतिनिधि राजतन्त्रलाई हटाउन बाहेक अन्य धेरै उपलब्धी प्राप्त गर्न सकेका छैनौं । मुख्य सर्वहारा वर्गको हातमा राज्य सत्ताको बागडोर नआएसम्म न त मजदुर, किसानका समस्याको समाधान हुन्छ न त महिलाको नत दलितका समस्या नै समाधान हुन्छ न त मुस्लीमको, न त आदिवासी जनजातिका समस्या समाधान हुन्छन्, न त मधेसीको । बुर्जुवा पार्टीहरूबाट यी समस्याको समाधान होइन यो त सर्वहारा वर्गको विचार बोकेको पार्टीले गर्ने हो । अहिले यतिबेला समाजमा दुई प्रकारका अन्तरविरोध रहेका छन् । एउटा, वुर्जुवा-बुर्जुवा वर्गको बीचको अन्तरविरोध । अर्को शोषित, उत्पीडित र शासितका बीचको अन्तरविरोध । यो अन्तरविरोधको समाधान भनेको मालेमावादको गाइडलाइनलाई दह्रोसँग पकडेको एक मात्र क्रान्तिकारी पार्टी नेकपा (क्रान्तिकारी माओवादी) को नेतृत्वमा हुने सशसस्त्र विद्रोहद्वारा बुर्जुवा वर्गको विचारमा निर्मित सत्तालाई विस्थापित गर्नु हो ।

तसर्थ, बाबुराम समुह, प्रचण्ड समुह वा विप्लव समुहहरू यतिवेला न त क्रान्तिकारी विचारका आधारमा स्पष्ट कार्यदिशा, नीति, योजना र कार्यक्रम बोकेका समुह हुन्, न त त्यो हो जसले आफ्ना वर्गीय लक्ष्य बाकेको होउन् । यीनीहरू वर्गीय विचार, वर्गीय दृष्टिकोणबाट च्युत भएका गैर माओवादी हुन् । माओवादी त त्यो हो जसले आफ्नो वर्गीय लक्ष्य बाकेको हुन्छ । यिनीहरू त केबल दशवर्षको जनयुद्धको बेला माओवादी थिए तर आज त्यो छाडेर गए । त्यसैले अबका दिनमा भ्रममा नपरौं । एक मात्र क्रान्तिकारी विचारसहितको जनविद्रोहको कार्यदिशा भएको नेकपा (क्रान्तिकारी माओवादी) को वरिपरि गोलबन्द हुँदै ०५१ सालको तेस्रो विस्तारित बैठकले गरेको प्रतिबद्धतालाई पुरा गर्न नयाँ जनवादी क्रान्तिमा सहभागी बन्नु नै आजको मुख्य अभिभारा हो ।

## स्थानीय...

देशमा संविधान किन बनाइन्छ ? पहिलो, त्यो समाजमा विद्यमान अन्तर्विरोधहरूलाई समाधान गर्ने उद्देश्य पूरा गर्नका लागि । दोस्रो, विद्यमान अवस्थाबाट देशलाई आग्रगमनतिर लैजानका लागि । तर, तीनवटा पश्चगामी पार्टीहरू (नेका, एमाले र माके)ले बनाएर जारी गरेको यो संविधानले यी दुवै उद्देश्य पूरा गरेको छैन । त्यति मात्र होइन, यी मान्यताका विपरीत यो संविधानले देशमा नयाँ किसिमको द्वन्द्व पैदागरेको छ र देशलाई गृहयद्धतिर धकेल्ने काम गरेको छ । तीन दलको सिण्डिकेटले जतिसुकै चुनावको तयारी गरेको हल्ला पिटे पनि जनताको एउटा ठूलो हिस्सा यसको सक्रिय बिरोधमा उत्रिएको छ । यो पश्चगामी र कठ्पुतली सरकार सेना परिचालन गरेर चनाव गर्ने योजना बनाइरहेको छ । यसको अर्थ हो यो सरकार र तीन दल देशलाई गृहयद्धमा धकेल्ने काम गर्दै छन् । प्रष्ट छ, अहिलेकै अवस्थामा चनावमा जानु भनेको गृहयद्धमा जानु सरह हो । यस स्थितिमा निर्वाचनमा जानु भनेको गृहयद्धलाई सघाउनु सरह हो । त्यसकारण, अहिलेको अवस्थामा आयोजित कथित स्थानीय निर्वाचनलाई स्वीकार गर्न सकिन्न ।

**संघीयता समाप्त पार्ने चालबाजी**

संघीयता नेपालका लागि एउटा महत्वपूर्ण विषय हो । यसका निमित्त नेपालमा ठूला संघर्षहरू पनि भएका छन् । पश्चगामी शक्तिहरू यो संविधानमा पनि 'संघीयता' भन्ने शब्द राख्न बाध्य भएका छन् । यो निर्वाचन पनि त्यही संघीयताको मान्यता अनुरूप हुनु आवश्यक हुन्छ । उक्त मान्यता अनुसार स्थानीय तहको निर्वाचन गर्ने काम प्रदेशहरूको हो । तर, यतिखेरसम्म प्रदेशको ठेगान लागेको छैन । प्रदेशको नामांकनको त कुरै छाडौं, सिमांकनको समेत टुंगो लागिसकेको छैन, यसमा ठूलो विवाद कायम छ । प्रदेशको निर्वाचन भएर, प्रदेशले आयोजना गर्नुपर्ने स्थानीय तहको निर्वाचन पहिले नै केन्द्रले गरिदिए पछि प्रदेशको त अस्तित्व नै समाप्त हुने भयो । प्रदेशको अस्तित्व समाप्त हुनुको अर्थ हो- संघीयताको एजेण्डा समाप्त हुनु । यो सोझै संघीयता समाप्त भएको घोषणा नगरेर घुमाउरो किसिमले संघीयता समाप्त पार्ने चालबाजी हो भन्ने बुझ्न कुनै कठिनाई हुँदैन ।

**पश्चगामी संविधान लागू गर्ने चालबाजी**

सिण्डिकेटमा रहेका तीनैवटा दलहरूले प्रायोजित रूपमा एकथान संविधान बनाए र जारी पनि गरे । तर, ती दलका नेताहरू नै भनिरहेका छन् कि संविधान जारी त गरियो तर लागू गराउन सकिएन । यो संविधान पश्चगामी चरित्रको भएको र जनताको माग अग्रगामी संविधान बनाउने भन्ने भएको हुनाले यो संविधान लागू हुन नसक्नु स्वभाविक नै हो । अरु तरिकाले यो पश्चगामी संविधान लागू गर्न नसक्ने अवस्था भएपछि स्थानीय निर्वाचनलाई अघि सारिएको छ । त्यसकारण, ती दलका नेताहरूले र यो पश्चगामी सरकारका प्रधानमन्त्री लगायत अन्य मन्त्रीहरूले स्थानीय तहको निर्वाचनले भ्रष्टाचार नियन्त्रण गर्न सक्ने, विकासको त मूलै फुटी हाल्ने, जनतालाई स्थानीय शासन संचालन गराउन अधिकार सम्पन्न बनाउने आदि इत्यादिको प्रचारबाजी गरिरहेका छन् । वास्तवमा यस प्रकारले स्थानीय निर्वाचन गराउनुको उद्देश्य स्थानीय जनतालाई अधिकार सम्पन्न गराउनु हो भन्ने भनाई जनतालाई ठग्ने र झुक्याउने चालबाजी मात्र हो । यो त फगत् यो पश्चगामी संविधान लागू भएको प्रमाण तयार गर्ने काम मात्र हो ।

**१८ वर्षपछि हुन लागेको चुनाव**

जनतालाई भुलभुलैयामा राख्नका लागि सिण्डिकेटका नेताहरू यो कठ्पुतली सरकारका मन्त्रीहरू सबैले १८ वर्षसम्मको बेथितिको अन्त्य गर्नका लागि यो चुनाव हुँदैछ भन्ने प्रचारबाजी गरिरहेका छन् । यो संविधान त लागू भएकै छैन, लागू गर्न नसकेर अलपत्र पर्ने स्थितिमा पुगेको छ भने कसरी १८ वर्ष भयो ? अर्को कुरा यसभन्दा अघिको संविधानलाई समेत जोडेर भनिएको हो भने र त्यसैको आधारमा किनभने १८ वर्षसम्म चुनाव भएन । त्यसकारण जस्तो भएपनि चुनावमा गै हाल्नु पर्दछ भन्नु पाखण्डी कुरा हो । यो त अन्न खान नपाएको धेरै दिन भयो, त्यसकारण अखाद्य पदार्थ भनेपनि खाई हालौं भन्ने जस्तो कुरा भयो । मानिसले त मानवले खाने चिज मात्र खानु पर्दछ, नखाएको धेरै दिन भयो भनेर कुकुर र सुँघुर सँगै बसेर तिनीहरूले खाने सबै चिज खानु त भएन नि !

**चुनावमा भाग लिने वा वहिष्कार गर्ने कार्यनीतिक विषय**

प्रतिकृयावादी व्यवस्थाको निर्वाचनलाई बहिष्कार गर्ने कि भाग लिने भन्ने विषय क्रान्तिकारीहरूका लागि कार्यनीतिको विषय हो । यो रणनीतिको विषय होइन । प्रतिकृयावादी व्यवस्थालाई स्वीकार गरेर, सत्तामा पुग्नका लागि, त्यही व्यवस्थालाई टिकाउनका लागि भाग लिनु र जनताका समस्या समाधान गर्ने प्रयास गर्ने, जनताका बीचमा सम्बन्ध कायम गर्ने, जनताका बीचमा संगठनको संजाल बनाउने, जनतालाई भावी क्रान्तिका लागि तयार गर्ने आदि कामका लागि क्रान्तिकारीहरू त्यस प्रकारका प्रतिकृयावादी चूनावलाई बहिष्कार मात्र गर्दैनन्, अपितु उपयोग पनि गर्दछन् । तर यो परिस्थितिमा निर्भर गर्दछ । माथि जुन अवस्थाको व्याख्या गरियो, यतिखेरै निर्वाचनलाई उपयोग गर्नका लागि उपयुक्त परिस्थिति नभएको अवस्था हो । माथि जुन परिस्थितिको चर्चा गरियो, त्यसको अन्त्य गर्नु पहिलो आवश्यकता हो । यथावत् स्थितिमा कुनै पनि क्रान्तिकारी शक्तिले प्रस्तावित स्थानीय निर्वाचनमा भाग लिन सक्दैनन् ।

**संघर्षको आवश्यकता**

माथि जुन परिस्थितिको चर्चा गरियो, त्यसबाट के प्रष्ट हुन्छ भने विद्यमान अवस्थामा, यथास्थितिमा निर्वाचनमा जाने, निर्वाचनलाई उपयोग गर्ने भन्ने अवस्था छैन । आजको आवश्यकता भनेको फेरि पनि संघर्षलाई अघि बढाउने नै हो । संघर्षलाई अघि बढाउँदै जाँदा परिस्थितिमा आउने हेरफेर सँगै क्रान्तिकारी पार्टीहरूले आफ्नो कार्यनीति पनि तय गर्दै जानु पर्दछ ।

*२१ फाल्गुन ०७३*

## राष्ट्रिय...

माफी मागिनुपर्ने विषयहरूलाई लिई चैत्र ५ गते सांस्कृतिक दिवस पारेर देशव्यापी रूपमा विरोध प्रदर्शन गर्ने निर्णय लिइएको छ ।"

कंचनपुर हत्याकाण्ड लगत्तै क्रान्तिकारी माओवादीले जारी गरेको वक्तव्यमा भनिएको छ, "यो घटना सामान्य हत्याकाण्ड मात्र नभई भारत सरकारको सुरक्षा निकायले नेपाल र नेपालीमाथि गरेको सिधा आक्रमण पनि हो । हाम्रो पार्टी यसको घोर भर्त्सना गर्दछ ।" उसले यसप्रकारको नाङ्गो विदेशी आक्रमण हुँदा पनि चुप लागेर बस्ने प्रचण्ड नेतृत्वको सरकारसित क्रान्तिकारी माओवादीले भारत सरकारप्रति कडा विरोध, भर्त्सना र जवाफी प्रतिक्रिया व्यक्त गर्न नेपाल सरकारसँग जोडदार माग गरेको थियो ।

उता कञ्चनपुर, बाँके, बर्दिया, कैलाली, नवलपरासी, रूपन्देहीमा स्थानीय वाम पार्टीहरू खासगरी क्रान्तिकारी माओवादी, राष्ट्रिय जनमोर्चा, नेकपासँग संयुक्त रूपमा विज्ञप्ती निकाल्ने र विरोध प्रदर्शनहरू गरिए । पोखरामा क्रान्तिकारी माओवादीको पहलमा एमालेसहित स्थानीय ५ वटा वाम पार्टीहरूले संयुक्त संघर्ष समिति नै बनाएर विरोध प्रदर्शन गरे । उपत्यका लगायत प्रायः जिल्ला सदरमुकामहरूमा राष्ट्रिय स्वाधीनताको पक्षमा भारतीय विस्तारवादी हस्तक्षेपका विरुद्धमा ठूल्ठूला प्रदर्शनहरू भए । पश्चिमाञ्चल करिब ३ दिनसम्म ठप्प रह्यो । कैलाली र कंचनपुरका युवाहरू राष्ट्रिय झण्डाबोकेर घटनास्थलमै पुगेर विस्तारवादी हस्तक्षेपका विरुद्ध चर्को नाराबाजीसहित प्रदर्शन गरे ।

**सहिद गौतमको राष्ट्रिय सम्मानसहित अन्त्यष्टी**

भारतीय सीमा सुरक्षा बल (एसएसबी) को गोली लागेर मृत्यु भएका कञ्चनपुर पुर्नवासका गोविन्द गौतमको राष्ट्रिय सम्मानका साथ अन्त्यष्टि गरिएको छ । बिहीबार हत्या गरिएका गौतमको शबयात्राका क्रममा हजारौं नागरिक सहभागी बनेका छन् । गौतमको शवयात्रा उनको गृहनगर पुनर्वास नगरपालिका हुँदै कञ्चनपुरको दोदा नदी किनारमा पुगेको थियो । उनको सम्मानमा नेपाल प्रहरीले ११ तोपको सलामी अर्पण गरेको हाम्रा स्थानीय संवाददाताले जनाएका छन् ।

पुनर्वास नगरपालिकाको आनन्दबजारको नेपाल-भारत सीमा क्षेत्रमा कलभर्ट निर्माणको विषयमा विवाद हुँदा एसएसबीले चलाएको गोली लागेर निधन भएका गौतमलाई सरकारले सहिद घोषणा गर्नुका साथै परिवारलाई १० लाख रूपैया क्षतिपूर्ति र उनका सन्तानलाई निशुल्क शिक्षाको व्यवस्था गर्ने निर्णय गरेको थियो ।

सेती अञ्चल अस्पताल धनगढीबाट शुरु भएको शवयात्रा धनगढीको डोके बजार, एलएन चोक, चौराहा, त्रिनगर भन्सार नाका हुँदै कञ्चनपुरको पुर्नवास नगरपालिका र त्यहाँबाट कञ्चनपुरको दोदा नदीमा पुगेको थियो । त्यसअघि पुनर्वास नगरपालिकाको आइबीआरडीमा अन्तिम श्रद्धाञ्जली अर्पण गरिएको थियो । शवयात्रामा कैलाली र कञ्चनपुरका सुरक्षा अधिकारीहरू, सरकारी उच्च कर्मचारीहरू, राजनीतिक दलका प्रतिनिधिहरूको समेत सहभागिता थियो ।

एसएसबीको गोली प्रहारबाट नेपाली नागरिकको मृत्यु भएपछि त्यसको चौतर्फी आलोचना भएको छ । विभिन्न राजनीतिक दलका नेता तथा आम जनताले समेत यस घटनामा भारतले माफी माग्नुपर्ने बताएपछि भारत समेत सक्रिय बनेको छ । कञ्चनपुर घटनाका विषयमा भारतीय विदेश मन्त्री सुष्मा स्वराजले गृहमन्त्री विमलेन्द्र निधिसँग टेलिफोन गरेकी छन् भने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका सुरक्षा सल्लाहकार अजित डोभालले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग सिधै कुराकानी गरेका छन् ।

गृहमन्त्री निधिले बिहिबार नै घटना लगत्तै भारतीय विदेश मन्त्री सुष्मा स्वराजसँग सम्पर्क गरी घटनाबारे चासो व्यक्त गरेका थिए थिए भने परराष्ट्रमन्त्री प्रकाशशरण महतले पनि स्वराजलाई फोन गरेर घटनाको छानबिनको माग गरेका थिए ।

नेपाल र भारतको सहमतिमै निर्माण गरिएको कलभर्टमा भारतीय पक्षले अवरोध गरी नेपाली सिमाना भित्र आई नेपालीमाथि दुर्व्यवहार गरेको र नेपालीले हस्तक्षेपको विरोध गर्दा एसएसबीले गोली चलाउँदा गौतमको मृत्यु भएको महतले स्वराजलाई जानकारी गराएका थिए ।

यस्तै परराष्ट्र सचिव शंकरदास वैरागीले पनि नेपालस्थित भारतीय कार्यवाहक राजदूत विनयकुमारलाई परराष्ट्र मन्त्रालयमा बोलाएर घटनाको निन्दा गरेका छन् ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको तर्फबाट भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग टेलिफोनमा कुराकानी गर्दै घटनाको छानविन गर्ने जानकारी गराएका छन् ।

डोवालले घटनामा प्रधानमन्त्री मोदीका तर्फबाट दुःख व्यक्त गर्दै त्यस घटनालाई 'अप्रत्यासित' भनेका छन् । उनले छानविनमा सहयोग गर्नका लागि पोस्टमार्टम र फरेन्सिक रिपोर्ट उपलब्ध गराइदिन पनि आग्रह गरेका छन् । कञ्चनपुर घटनाका बारेमा भारतले दुःख व्यक्त गरेपछि अहिलेसम्म त्यसको छानविन प्रक्रिया अघि बढाएको छैन । भारतको यसप्रकारको हेपाहा प्रवृत्तिविरुद्ध नेपालमा तिव्र विरोध भइरहेका बेला भारतकै कतिपय बुद्धिजीवीले समेत यो घटनामा भारतले माफी माग्नुपर्ने बताएका छन् ।

भारतका नेपाल मामला विज्ञ प्राध्यापक एसडी मुनीले कञ्चनपुर घटनामा भारतले नेपालसँग माफी माग्नुपर्ने बताएका छन् । बिहीबार भारतीय सीमा सुरक्षा बल (एसएसबी) को गोली लागेर नेपाली नागरिक गोविन्द गौतमको मृत्यु भएको घटनामा प्रतिक्रिया जनाउँदै भारतीय बुद्दिजीवि मुनीले सामाजिक सञ्जाल ट्वीटरमार्फत क्षमायाचता गरी पीडित परिवारलाई क्षतिपूर्ति दिन भारत सरकारलाई आग्रह गरेका हुन् ।

उनले भनेका छ, 'जमिनसम्बन्धी विवादमा गोली चलाएर र नेपाली नागरिकको हत्या गरेर सीमा सुरक्षा बल (एसएसबी) ले ठूलो गल्ती गरेको छ । भारतले सकेसम्म छिटो यस घटनाका सम्बन्धमा माफी माग्नुपर्छ र क्षतिपूर्ति प्रदान गर्नुपर्छ ।'

नेपालमा पनि यस घटनाका विषयमा स्थानीय तहमा नभई केन्द्रीय तहमा वार्ता गरी भारतले माफी माग्नुपर्ने आवाज उठिरहेको छ । नेकपा (क्रान्तिकारी माओवादी), नेकपा एमाले, नेपाल कम्युनिष्ट पार्टीलगायतका राजनीति पार्टीले भारतको यसप्रकारको घृणित कार्यको विरोध जनाएका छन् । भारतको यसप्रकारका दादागिरीका विरुद्ध नेपालमा तिव्र आलोचना भइरहँदा कूटनीतिक स्तरमा र अन्य शीर्ष राजनीतिक दलका नेताहरूले भने स्पष्ट धाराणा बाहिर ल्याउन सकेका छैनन् । देशभक्त, वामपन्थी तथा क्रान्तिकारी राजनीतिक शक्तिहरूले संगठित रूपमा राष्ट्रिय स्वाधीनताको मुद्दामा आन्दोलनको उठान गर्नुपर्ने विषयमा जोड दिदै आएका छन् ।

**भारतमा पनि विरोध**

नेपाली एकता समाज भारतले एक विज्ञप्ती जारी गर्दै कञ्चनपुर हत्याकाण्डको कडा शब्दमा निन्दा गरेको छ । समाजले यस घटनालाई सार्वभौम राष्ट्रमाथिको हस्ताक्षेप भनेको छ । र नेपाल सरकारसित तत्काल क्षमा माग्न र दोषी जवानहरूलाई अविलम्ब कारबाही गर्न भारत सरकारसँग माग गरेको छ । नेपाली एकता समाज भारतका महासचिव विष्णु भट्टराईले जारी गरेको विज्ञप्तीमा राष्ट्रिय स्वाधीनताका निम्ति लड्ने वीर योद्धा गोविन्द गौतमप्रति हार्दिक श्रद्धाञ्जलीसहित उच्च सम्मान प्रकट गरेको छ ।

## अनेमसंघ (क्रान्तिकारी)...

क्रमशः प्रमिला नेम्वाङ(सुनसरी), सुभलक्ष्मी खनाल(चितवन), जशोधा राई(सुनसरी), सुमित्रा चौधरी(सुनसरी), फुलथुंगा खतिवडा(मोरङ), टिका पाठक (झापा), कमला मगर (धनकुटा), फुलमाया तामाङ(पाँचथर), पेन्डोमा शेर्पा (ओखलढुंगा), दुर्गा चौलागाईं (सर्लाही), मिना मगर (सप्तरी), देवी थापा (कास्की), कल्पना थापा (कास्की), लक्ष्मी मल्ल (तनहुँ), तेजकुमारी घर्ती (बाग्लुङ), गीता पाण्डे (नवलपरासी), निमकला पुन (रूपन्देही), पूर्णकुमारी देवकोटा(सिन्धुली), दुर्गा अधिकारी(बर्दिया), चन्द्रा थानी( सुर्खेत), कृष्णकला शाही (कालिकोट), हिरादेवी नाथ (बझाङ), अम्बिका पाण्डे (काठमाडौं), सोनाम याङ्जी (काठमाडौं), इन्दिरा घिमिरे (काठमाडौं), इटोल लामा (मुगुं), हिरा मगर (उदयपुर), उमा परियार (उदयपुर), पवित्रा घर्ती (प्युठान), इश्वरा केसी (अर्घाखाँची), सरस्वती घर्ती (रोल्पा), निर्मला पुन (रुकुम), शुशिला आचार्य (दाङ), रचना मैनाली (काभ्रे), शान्ता पण्डित (काठमाडौं), धनकुमारी निरौला (काठमाडौं), विष्णु बराल (महोत्तरी), चुनीकला विक (पाल्पा), नैनाकला खत्री (खोटाङ), अनिता घिमिरे (सोलु), बालकुमारी खड्का (दैलेख), कृष्णा शाही (रुकुम) चुनिएका छन् । त्यसैगरी भेलाले वैकल्पिक सदस्यहरूमा क्रमशः इन्दिरा थारु (बाँके), गंगा न्यौपाने (बर्दिया), भगवती सिंह (कैलाली), सन्तु घर्ती (बाग्लुङ), पासाङ ल्हामु शेर्पा (ओखलढुंगा), विना राई (उदयपुर), अप्सरा मगर (भक्तपुर), टीका राई (ललितपुर), सुमित्रा राय (मोरङ), रुक्मिना बजगाईं (मोरङ)लाई चयन गरेको छ ।

## प्रकाशचन्द्र...

राप्रपाको राष्ट्रिय अध्यक्ष बनेका थिए ।

एकता महाधिवेशनपछि विधानलाई उपेक्षा गरेको, महाधिवेशनमा भएका समझदारी लत्याएको तथा पार्टीलाई स्वार्थपूर्तिको औजार बनाएको आरोप लगाउँदै उनले यस्तो अवस्थामा आफू पार्टीभित्र रहन नसक्ने उल्लेख गरेका छन् ।

लोहनीले पार्टीको झण्डा र चुनाव चिन्हका विषयमा यसअघि भएका सहमति तोडिएको दावी गरेका छन् । 'पार्टीको एकीकरण अगाडि नयाँ पार्टीको झण्डा राप्रपा (नेपाल) को र चुनाव चिन्ह हलो हुने समझदारी भएको हो,' उनले भने, 'त्यस प्रतिबद्धतालाई ठाडै लत्याइएको छ ।'

पार्टीले सरकारले पेस गरेको संविधान संशोधन विधेयकप्रति असन्तुष्टि जनाएको र सरकारबाट बाहिरिने स्पष्ट बताइसकेको अवस्थामा अध्यक्ष नै सरकारमा गएकोमा आलोचना गरेका छन् । 'पार्टीभित्र कुनै छलफल नै नगरी सरकारमा गएको समाचार टेलिभिजनबाट सुनियो,' उनले भनेका छन्, 'यसबाट के स्पष्ट हुन्छ भने पार्टीका अध्यक्षले मधेसको समस्यालाई आफू पदमा पुग्ने हतियारको रूपमा प्रयोग गरेका छन् ।'

मधेसवादी दलले सरकारलाई दिएको समर्थन फिर्ता लिने स्पष्ट पारिसकेपछि सरकार टिकाउन राजनीतिक सौदा गरी सत्तामा जानु दुर्भाग्यपूर्ण रहेको लोहनीको भनाई छ ।

लोहनीले सीमामा नेपाली मारिएकोलगायतका विषयमा पार्टीमा छलफल नगरी संकटको फाइदा उठाई सरकारमा गएर अवसरवादी चरित्र देखाएको उल्लेख गरे ।

लोहनीले एनसेललाई कर उन्मुक्तिमा साथ दिएको, तामाकोशी प्रकरण, राजदूत सिफारिस, दूतावासै नभएको देशमा राजदूत पठाएकोलगायतका विषयमा समेत असन्तुष्टि जनाएका छन् ।

'राजसंस्था र हिन्दू धर्मप्रतिको भावनात्मक समर्थनलाई सत्ता स्वार्थको लागि प्रयोग हुँदैछ,' उनले पत्रमा भनेका छन्, 'देश र जनताको हितका लागि कार्य गर्न नसक्ने नेतृत्व रहेको पार्टीमा आबद्ध भइरहनु देश र जनताप्रति विश्वासघात गर्नु हो । यसर्थ म राष्ट्रिय प्रजातन्त्र पार्टीबाट अलग हुनु परेको हो ।'


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।



आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।



**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।



**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# कञ्चनपुर हत्याकाण्डले सिकाएको पाठ



◆ प्रेम सुवेदी

कञ्चनपुर पुर्नवास नगरपालिका वडा नं. ८ स्थित आनन्द बजारमा भारतीय सुरक्षा बल (एसएसबी)ले गरेको ज्यादति तथा हत्याकण्ड नेपाल र नेपालीका लागि अत्यन्त पीडादायी घटना हो । यो घटनाले नेपालको सार्वभौमसत्ता, क्षेत्रीय अण्डता र नेपालीको स्वाभिमानमाथि गम्भीर चोट पुऱ्याएको छ । र, यो घटना निन्दनीय तथा भर्त्सनायोग्य छ । तसर्थ, सम्पूर्ण नेपालीहरूले यसको निन्दा गर्नुपर्दछ । भारतीय सीमा सुरक्षा बल (एसएसबी)को ज्यादतिको विरुद्ध संघर्ष गर्ने क्रममा शहादत प्राप्त गर्ने देशभक्त सहिद गोविन्द गौतमलाई उच्च सम्मान गर्दै उनले देखाएको वीरताको इतिहासलाई नेपालीहरूले पछ्याउँदै राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई अगाडि बढाउनु आजको ऐतिहासिक दायित्व हो ।

नेपाली भूमिमा प्रवेश गरेर भारतीयद्वारा गरिएको बर्बर दमन र उत्पीडनका विरुद्ध त्यस क्षेत्रका जनताले गरेको संघर्ष नेपाली राष्ट्रियताको प्रतीक हो । जनताको त्यो संघर्षप्रति ऐक्यबद्धता प्रकट गर्दै राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई अरु अगाडि बढाउनु आजको राष्ट्रिय आवश्यकता हो । दुःखको कुरा जनताले भारतीय अतिक्रमणका विरुद्ध गरेको त्यो साहसी कदमप्रति नेपाल सरकारले देखाएको उदासिनता तथा आत्मसमर्पणले भारतीय शासकहरूलाई नै बल पुऱ्याएको छ ।

कञ्चनपुर पुनर्बासस्थित आनन्दबजारमा भएको घटना सामान्य तथा आकस्मिक मात्र होइन, यसको पछाडि लामो पृष्ठभूमि जोडिएको छ । सामान्य अर्थमा यदि यो घटनालाई लिइयो भने त्यो गम्भीर प्रकारको भूल हुनेछ । भारतीय शासकहरूले हमेसा नेपालमाथि गर्दै आएको आक्रमणको यो पछिल्लो कडी मात्र हो । यसभन्दा पूर्व पनि उनीहरूले बेग्लाबेग्लै समयमा नेपालमाथि हस्तक्षेप गर्दै आएको लामो श्रृंखला छ । जहाँसम्म कञ्चनपुरको घटनाको कुरा छ, त्यो सीमाको विवादसँग मात्र सीमित छैन । यसका पछाडि नेपालको आन्तरिक राजनीतिसँग पनि जोडिएको छ । भारतीय शासकहरूले एकातर्फ आफ्ना दलालहरूमार्फत् नेपालको राजनीतिलाई अन्यौलतर्फ धकेल्दै आफ्नो भूमिका निर्णायक बनाउन चाहन्छन् भने अर्कोतर्फ सीमा विवादको नाममा यसप्रकारका क्रियाकलापद्वारा नेपालको सार्वभौमिकतामाथि हमला गरेर आफ्ना विस्तारवादी स्वार्थ पूरा गर्न चाहन्छ ।

यदि भारतले नेपालको सार्वभौमिकताको सम्मान तथा नेपाली जनताप्रति थोरै मात्रै सद्भाव रहेको भए उसले अहिलेसम्म आफ्नो गल्तीलाई स्वीकार गरिसक्थ्यो । तर, उसले त्यसो नगर्नुको स्वाभाविक अर्थ हुन्छ, यो घटना सामान्य तथा आकस्मिक नभएर योजनाबद्ध थियो, त्यही योजनाअन्तर्गत नै उसले नेपाल भूमिमा प्रवेश गरेर आक्रमण गरेको थियो । नेपालको राजनीतिमा जतिबेला नेपालमाथि आक्रमण गर्दै आएका थुप्रै घटनाहरू छन्, यहाँ भीमदत्त पन्तको हत्याको कुरा होस् वा गोविन्द गौतमको यी घटना नेपाल र नेपालमाथिकै आक्रमण हुन् । तसर्थ, यतिबेला नेपालको राष्ट्रिय स्वाधीनताको प्रश्न अत्यन्त गम्भीर मोडमा खडा भएको छ । विडम्बना नै भनौं यहाँका राजनीतिक पार्टीहरू राष्ट्रियताको विषयमा समेत विभाजित हुँदै आए । जसले गर्दा भारतीय शासकहरूले आफ्नो स्वार्थअनुकूल एकपछि अर्को रूपमा प्रयोग गर्दै आए र अहिले त्यही चलिरहेको छ । ब्रिटिश साम्राज्यवादले जसरी राणाहरूलाई प्रयोग गर्दै नेपालको जनतन्त्र र राष्ट्रियतालाई आफ्नो नियन्त्रणमा राख्ने योजनाबद्ध प्रकारले भूमिका खेले, त्यो नीतिलाई भारतीय शासकहरूले अवलम्बन गर्दै नेपालको भूराजनीतिमाथि आफ्नो हैकम चलाउँदै आएको छ । जसको परिणाम नेपाल साँचो अर्थमा स्वाधीन बन्न सकेन । र, अहिले भारतीय विस्तारवादको आक्रमण पनि त्यही हैकमको नयाँ रूप हो ।

उपर्युक्त तथ्यहरूले स्पष्ट गर्दछ कि भारतीय शासकहरूले नेपाललाई भूटानीकरण गर्दै सिक्किमीकरण गर्ने उद्देश्यद्वारा आफ्ना गतिविधि सञ्चालन गर्दै आएका छन् । तर भारतीय शासकहरूका त्यस प्रकारको योजना र हस्तक्षेपका विरुद्ध नेपाली जनताले लामो समयदेखि आफ्नो मातृभूमिको रक्षाका लागि गर्दै आएको संघर्षले नै नेपालको अस्तित्व विश्वमान चित्रमा अंकित रहेको छ । इतिहासदेखि नै नेपाली शासकहरूले आत्मसमर्पण गर्दै साम्राज्यवाद तथा विस्तारवादको दलाली गरेर आफ्नो सत्ता टिकाउने काम गर्दै आए भने देशभक्तहरूले स्वाधीनताको पक्षमा संघर्ष गर्दै नेपालको स्वाभिमान कायम गर्दै आएका छन् । भीमसेन थापा, बलभद्र कुँवर, भीमदत्त पन्त, चिनियाकाजी श्रेष्ठ र गोविन्द गौतमहरूजस्ता विरुद्ध साम्राज्यवाद तथा विस्तारवादका विरुद्ध खडा हुँदै राष्ट्रिय स्वाधीनताको पहरेदार बने भने शासकहरूले हमेसा उनीहरूको चाकडी र दलाली गर्दै विभिन्न असमान र अपमानजनक सन्धिसम्झौता गर्दै राष्ट्रिय स्वाधीनतालाई कमजोर पार्दै आए । आज पनि ती दुवै प्रवृत्ति हाम्रा अगाडि छन् । कञ्चनपुरको घटनामा पनि ती दुवै प्रवृत्ति सतहमा देखिएका छन् ।

भारतीय सुरक्षा बलद्वारा गरिएको ज्यादति र हत्याकाण्ड सामान्य दुई देशको सीमा विवादसँग मात्र सम्बन्धित छैन, यो अन्तर्राष्ट्रिय कानुन तथा अभिसन्धिका विरुद्ध छ । तसर्थ, यो विषयलाई सामान्य अर्थमा लिएर यदि नेपाल सरकारले भारतीय शासकहरूलाई रिजाउन खोज्यो भने त्यसले नेपालको स्वाभिमानलाई अरु चोट पुग्नेछ । सरकारले अविलम्ब यो विषयलाई भारतीय सरकारसँग वार्ता गरी यो समस्यालाई समाधान गर्न पहल गर्न जरुरी छ । सरकारले नेपालको स्वाभिमान र स्वाधीनतालाई केन्द्रमा राखेर यो समस्यालाई समाधान गर्नु पर्दछ । भारतीय पक्षसँगको सहमतिको कुरा मात्र कञ्चनपुरको विषयसँग मात्र होइन, सबै सीमा नियमन गर्न जरुरी छ । यदि सीमा नियमन गर्ने कार्यलाई उपेक्षा गरियो भने आनन्दबजारकाजस्ता हजारौं समस्या बल्झिरहनेछन् । र, हजारौं गोविन्द गौतमहरू भारतीय विस्तारवादको शिकार बनिरहनुपर्ने स्थिति रहन्छ । यसर्थ, भारतसँग सीमा जोडिएका सबै सीमा नियमनको प्रक्रियालाई अविलम्ब अगाडि बढाउन जरुरी छ ।

# भक्तपुरका तीन नगरमा क्रान्तिकारी युवा लिगका तीन कमिटी

भक्तपुर । नेकपा (क्रान्तिकारी माओवादी) निकट क्रान्तिकारी युवा लिगका भक्तपुरमा तीनवटा नगर कमिटिहरू निर्माण गरिएका छन् । जिल्ला इन्चार्ज विन्दा मगरले जानकारी दिए अनुसार कृष्ण ख्वोंजुको संयोजकत्वमा जयराम प्रजापति, सुमन, भोज तामाङ, विजय लामा, रंजित सुवाल सदस्य रहेको सात सदस्यीय नगरकोट नगरपालिका भेला आयोजक कमिति निर्माण गरिएको छ भने सुवास खड्काको संयोजकत्वमा नवीन गिरी, राजकुमार मगजु, भरत भण्डारी, उमेश मगजु, रामभक्त हेर्योंगजु, पवन नेपाली मनिस नेपाली र आसराम हर्योंगजु सदस्य रहेको चाँगुनारायण नगर कमिटि निर्माण गरिएको छ । त्यसैगरी, शनिबारे लक्ष्मी प्रसाद कासुला इन्चार्ज र कृष्णप्रसाद ज्याख्व संयाजक रहेको एक कमिटि बनाइएको छ । उक्त कमिटिको उत्तम वोहजु, एरिक सुवाल, अनिल मचामसी, बलराम लोहला र रविन कार्माचार्य सदस्य रहेका छन् । तीनवटै नगर कमिटिले भेलाको तयारीमा जुट्ने निर्णय गरेका छन् ।

## स्थानीय...

सदस्य थिए । कार्यदलले प्रदेश २ का सांसदहरूसँग सामूहिक र जिल्लागत रूपमा छुट्टाछुट्टै छलफल गरी संख्या थप्ने, कतिपय स्थानमा गाविस हेरफेर गरेर सिमाना मिलाउने र केन्द्रसमेत हेरफेर गरेको छ । गत आइतबार बसेको मन्त्रिपरिषदको बैठकले सरकारले प्रतिवेदन कार्यान्वयनमा लाने निर्णयसँगै स्थानीय तह सञ्चालन कार्यदेश पनि स्वीकृत गरेर स्थानीय तह राजपत्रमा प्रकाशित गरेपछि अब देशैभर स्थानीय निकायको संरचना भंग गरेर स्थानीय तह कार्यान्वयनमा आएको छ ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जनप्रतिनिधि बहाल नभएसम्म र नयाँ कानुन नबनेसम्मका लागि स्थानीय तह कसरी सञ्चालन गर्नेबारे कार्यविधि तयार पारेको छ । जसमा कर्मचारी व्यवस्थापनदेखि कार्य सञ्चालन, सेवा प्रवाह र हाल सञ्चालनमा रहेका कार्यक्रमको निरन्तरतालगायत विषय राखिएका छन् ।

पूर्वमन्त्री हितराज पाण्डेले जाँदाजाँदै स्थानीय तहको संरचनामा हस्ताक्षर गरी राजपत्रमा प्रकाशित गराएपछि नवनियुक्त उपप्रधान तथा स्थानीय विकासमन्त्री कमल थापाले नयाँ संरचनाको घोषणा गरेका हुन् ।

नयाँ संरचनाअनुसार यसअघिका अधिकांश गाविसका कार्यालयहरू वडा कार्यलयमा परिणत हुने भएका छन् । गाउँपालिकाको बजेट न्युनतम १ करोडको हुनेछ भने सरकारले गाउँपालिकालाई एकल प्रयोग गर्न सक्नेगरी २२ वटा अधिकार प्रत्यायोजन गरेको छ ।

संविधानको अनुसूची-८ बमोजिम स्थानीय निकायले नगर प्रहरी, सहकारी संस्था, एफएम सञ्चालन, स्थानीय कर संकलनलगायतका काम गर्न पाउनेछ ।


नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**चित्रवन नगरपालिका कार्यालय, चितवनको**

**सूचना ! सूचना ! ! सूचना ! ! !**

नारायण नगरवासीहरूमा नारायणी नगरपालिकाको हार्दिक अनुरोध ! यस नगरपालिका क्षेत्रभित्र हुने कार्यक्रम तथा योजनाहरूमा न्युनतम पनि तपसिलअनुसारको परिधिभित्र रही वातावरणमैत्री कार्यक्रम गरिदिनु हुन अनुरोध छ ।

**तपसिल**

१) कार्यक्रमहरूमा सम्मान या बधाई दिने क्रममा खादाको प्रयोग नगरी वातावरणमैत्री पुष्पगुच्छा वा मालाको प्रयोग गर्ने,
२) चिया खाने गिलास प्लास्टिकको प्रयोग नगर्ने, त्यसको विकल्पमा स्टिल, सिसा वा कागजको गिलास प्रयोग गर्ने,
३) कार्यक्रम स्थलमा फोहोरको वर्गीकरण हुने गरी कुहिन र नकुहिने फोहोरको लागि प्रष्ट देखिने गरी डस्टबिनको व्यवस्था गर्ने,
४) कार्यालय परिसरमा प्लास्टिकको झोला निषेध गर्ने,
५) फ्लेक्स प्रिन्ट गरिएको ब्यानरलाई निरुत्साहित गर्ने,
६) प्लास्टिक मिसिएको ब्याचको विकल्पमा वातावरणमैत्री कागज वा हरियो पातबाट बनाइएको ब्याच प्रयोग गर्ने ।
७) न.पा.लाई २०७३ मसान्तसम्म वातावरणमैत्री स्थानीय नगरपालिका घोषणा गर्न सघाउ पुऱ्याउने ।

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**नारायणी नगरपालिका कार्यालय, चितवनको**

**सूचना ! सूचना ! ! सूचना ! ! !**

नारायण नगरवासीहरूमा नारायणी नगरपालिकाको हार्दिक अनुरोध ! यस नगरपालिका क्षेत्रभित्र हुने कार्यक्रम तथा योजनाहरूमा न्युनतम पनि तपसिलअनुसारको परिधिभित्र रही वातावरणमैत्री कार्यक्रम गरिदिनु हुन अनुरोध छ ।

**तपसिल**

१) कार्यक्रमहरूमा सम्मान या बधाई दिने क्रममा खादाको प्रयोग नगरी वातावरणमैत्री पुष्पगुच्छा वा मालाको प्रयोग गर्ने,
२) चिया खाने गिलास प्लास्टिकको प्रयोग नगर्ने, त्यसको विकल्पमा स्टिल, सिसा वा कागजको गिलास प्रयोग गर्ने,
३) कार्यक्रम स्थलमा फोहोरको वर्गीकरण हुने गरी कुहिन र नकुहिने फोहोरको लागि प्रष्ट देखिने गरी डस्टबिनको व्यवस्था गर्ने,
४) कार्यालय परिसरमा प्लास्टिकको झोला निषेध गर्ने,
५) फ्लेक्स प्रिन्ट गरिएको ब्यानरलाई निरुत्साहित गर्ने,
६) प्लास्टिक मिसिएको ब्याचको विकल्पमा वातावरणमैत्री कागज वा हरियो पातबाट बनाइएको ब्याच प्रयोग गर्ने ।

**जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**
जन्म मृत्यु, विवाह, बसाई सराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने गाउँ विकास समितिका स्थानीय पञ्जिकाधिकारी (सचिव) वा नगरपालिकाको स्थानीय पञ्जिकाधिकारी कहाँ गई दर्ता गराउनु पर्दछ ।

**व्यक्तिगत घटना दर्ता कसले गर्ने ?**
- जन्म तथा मृत्युको घटना परिवारको मुख्य व्यक्तिले ।
- विवाहको घटना पति पत्नी दुवैले ।
- बसाइँ सराईको घटना परिवार भए परिवारको मुख्य व्यक्तिले र व्यक्ति भए बसाइँसराई गरी जाने व्यक्तिले ।

**कसरी गर्ने ?**
गाउँ विकास समिति वा नगरपालिकामा निशुल्क पाइने फारम भरी घटना भएको मितिले ३५ दिन भित्र घटना दर्ता गर्नु पर्दछ ।

सूर्य बराल- सचिव
साविक ताङ्लीचोक गा.वि.स.गोरखा

गणेशभक्त त्रिपाठी
सचिव
साविक हंसपूर र जौवारी गा.वि.स.गोरखा

नारायण सापकोटा
सचिव
साविक मनकामना गा.वि.स.गोरखा

ध्रुवराज पराजुली
सचिव
साविक घ्याच्चोक र लाप्राक गा.वि.स.गोरखा

हरिश ओखेडा
सचिव
साविक धावा र अस्राङ गा.वि.स.गोरखा

सोमलाल तिवारी
सचिव
साविक दर्बुङ गा.वि.स.गोरखा

शेखरनाथ न्यौपाने
सचिव
साविक गाँखु र मशेल गा.वि.स.गोरखा

पूर्ण ब. गहतराज
सचिव
साविक घेरुङ गा.वि.स.गोरखा

ऋषिराम पौडेल
सचिव
साविक खोप्लाङ गा.वि.स.गोरखा

लाल प्रसाद भट्टराई
सचिव
साविक काशीगाउँ र गुम्दा गा.वि.स.गोरखा

यहाँ स्कुल, कलेज, पार्टी सुज, क्यजुयल सुज, क्लोज सुज तथा सेना, प्रहरी तथा सेक्युरिटी गार्डको जुत्ताहरू होलसेल तथा खुद्रा मूल्यमा बिक्री गरिन्छ ।



प्रवन्ध निर्देशक : केशर बहादुर प्रधान
मो.नं. ९८५११९७७५५, ९८६०८५७३२१
**मोडर्न सुज प्रा.लि.**
टोखारोड, ग्राण्डी हस्पिटल नजिकै





**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।